# लोक सेवा आयोग

## (७३ औं वार्षिकोत्सव)

(२०८० असार १)

# प्रतिवेदन

२०८०

## पृष्ठभूमि

विक्रम संवत् २००७ सालमा जारी भएको नेपालको अन्तरिम शासन विधानको धारा ६४ मा उल्लिखित व्यवस्था बमोजिम नेपाल पब्लिक सर्भिस कमिशन नामबाट वि.सं. २००८ साल असार १ गते लोक सेवा आयोगको विधिवत् स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष असार १ गते विभिन्न कार्यक्रमको आयोजना गरी लोक सेवा आयोग स्थापना दिवस (वार्षिकोत्सव) मनाउने गरिएको छ।

यसै सन्दर्भमा आयोगको मिति २०८०।२।१ गतेको निर्णयानुसार वि.सं.२०८० साल असार १ गते आयोगको ७३ औं वार्षिकोत्सव कार्यक्रमलाई व्यवस्थित गर्न समपन्न गरिएको छ। कार्यक्रम विभिन्न समिति, उपसमितिहरू समेत गठन गरी आयोगका सम्पूर्ण कर्मचारीको क्रियाशीलतामा वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ।

## आयोगको निर्णय

मिति २०८०।२।१ गते लोक सेवा आयोगको बैठक वसी ७३औं वार्षिकोत्सव कार्यक्रमलाई व्यवस्थित एवम् भव्य रुपमा सम्पन्न गर्ने सम्बन्धमा देहायका निर्णयहरू भएका थिएः

१. आयोगको वार्षिकोत्सवको औपचारिक कार्यक्रम सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा आयोगको कमलपोखरीस्थित भवनमा सम्पन्न गर्ने,

२. वार्षिकोत्सव कार्यक्रमलाई भव्य एवम् व्यवस्थित तरिकाबाट सम्पन्न गर्नका लागि आयोगका माननीय पदाधिकारीज्यूहरुको नेतृत्वमा संलग्न बमोजिम मूल समारोह समिति र विषयगत उपसमितिहरु गठन गरी जिम्मेवारी बाँडफाँड गर्ने,

३. आयोग अन्तर्गतका कार्यालयहरूले विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाउने,

४. आयोग वा अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरुमध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाई वर्षको उत्कृष्ट कर्मचारी घोषणा गरी सम्मान गर्ने,

५. कर्मचारीको संख्या र व्यक्तिको छनौट गरी सचिवालयले आयोग समक्ष पेश गर्ने,

६. विभिन्न सिर्जनात्मक एवम् रचनात्मक प्रतियोगिता तथा कार्यक्रमहरु आयोजना गरी वार्षिकोत्सव भव्यताका साथ सम्पन्न गर्ने।

## मूल समारोह समिति गठन

आयोगको निर्णय अनुसार ७३औं वार्षिकोत्सवलाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न देहायका समिति गठन गरिएको थियोः

**मूल समारोह समिति**

| | |
|---|---|
| मा. अध्यक्ष श्री माधवप्रसाद रेग्मी | संयोजक |
| मा. सदस्य श्री माधव बेल्बासे | सदस्य |
| मा. सदस्य श्री वीरबहादुर राई | सदस्य |
| मा. सदस्य श्री दिनेश सिलवाल | सदस्य |

| | |
|---|---|
| मा. सदस्य श्री मन्जु कुमारी | सदस्य |
| श्री आधिकारिक ट्रेड युनियनका अध्यक्ष, लोक सेवा आयोग | सदस्य |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य सचिव |

उल्लिखित मूल समारोह समिति अन्तर्गत देहायका उपसमितिहरु गठन गरी जिम्मेवारी निर्धारण बाँडफाँड गरिएको थियो।

**क) सुरक्षा व्यवस्थापन उपसमिति**

| | |
|---|---|
| मा. सदस्य श्री माधव बेल्बासे | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| सहसचिव डा. खगेन्द्रप्रसाद सुवेदी | सदस्य |
| सहसचिव श्री दलबहादुर अधिकारी | सदस्य |
| उपसचिव श्री प्रकाश गुरुङ | सदस्य |
| पाठ्यक्रम विशेषज्ञ श्री कृष्ण जि. सी. | सदस्य |
| उपसचिव श्री उमेशकुमार पोखरेल | सदस्य |
| उपसचिव श्री नारायणप्रसाद ज्ञवाली | सदस्य-सचिव |

**सुरक्षा व्यवस्थापन उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरूः**

- कार्यक्रममा उपस्थित हुने उच्च विशिष्ट पाहुनाहरुको सुरक्षा प्रबन्ध मिलाउने,
- विभिन्न सुरक्षा निकायहरुसँग समन्वय गर्ने,
- आयोगको भौतिक सुधार सम्बन्धी निरीक्षण गरी आवश्यकतानुसार सुधार गर्ने प्रबन्ध मिलाउने,
- गाडीहरुको पार्किङको व्यवस्थापन गर्ने।

**(ख) अतिथि सत्कार तथा प्रचार प्रसार उपसमिति**

| | |
|---|---|
| मा. सदस्य श्री वीरबहादुर राई | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| सहसचिव श्री गीताकुमारी होमेगाई | सदस्य |
| प्रमुख लेखा नियन्त्रक श्री उदयराज भट्टराई | सदस्य |
| उपसचिव श्री सुशिला पौडेल ढकाल | सदस्य |
| उपसचिव श्री अर्जुनप्रसाद रेग्मी | सदस्य |
| उपसचिव श्री केशव शर्मा | सदस्य |
| उपसचिव डा. रामगोविन्द अर्याल | सदस्य |
| उपसचिव श्री देवीप्रसाद सुवेदी | सदस्य-सचिव |

**अतिथि सत्कार तथा प्रचार प्रसार उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरू:**

- आमन्त्रण गर्नुपर्ने व्यक्तिहरुको नामावली तयार पारी मूल समितिमा पेस गर्ने,
- निमन्त्रणा कार्ड छपाइ र वितरण व्यवस्था गर्ने,
- प्रमुख अतिथि एवम् अतिथिहरुका लागि ब्याज तयार पार्ने,
- सरकारी र निजी संचार माध्यम (छापा तथा विद्युतीय) मार्फत आयोगको सन्देश प्रवाह गराउने,
- रेडियो नेपाल र नेपाल टेलिभिजनबाट अन्तर्वार्ता तथा परिसम्बाद तथा विशेष प्रकाशन गर्ने व्यवस्थाका लागि समन्वय गर्ने,
- कार्यक्रमको दिन सञ्चार माध्यमका प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने,
- कार्यक्रममा हाई टी (Hi-Tea) को व्यवस्था गर्ने,
- वार्षिकोत्सव कार्यक्रमको प्रतिवेदन तयार गरी पेश गर्ने।

**(ग) कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति**

| | |
|---|---|
| मा. सदस्य श्री दिनेश सिलवाल | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| सहसचिव श्री तोयनारायण सुवेदी | सदस्य |
| सहसचिव श्री रमेश मैनाली | सदस्य |
| उपसचिव (कानून) श्री लोकहरी कँडेल | सदस्य |
| उपसचिव श्री निरन्जन श्रेष्ठ | सदस्य |
| उपसचिव श्री सर्मुनलाल शाक्य | सदस्य |
| उपसचिव श्री हिमलाल भण्डारी | सदस्य |
| उपसचिव श्री एकनारायण शर्मा | सदस्य-सचिव |

**कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति मुख्य जिम्मेवारी**

- पदाधिकारीहरु र महाशाखाहरुसँग परामर्श गरी कार्यक्रम तयार पारी मूल समितिमा पेश गर्ने,
- कार्यक्रम पुस्तिका छपाइ तथा अतिथिहरुमा वितरण,
- वार्षिकोत्सवका अवसरमा आयोजना गर्ने अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरुको सूची तयार गरी निर्णय भए बमोजिम कार्यक्रम आयोजना गर्ने,
- कार्यक्रमको व्यवस्थापन, सञ्चालन गर्ने,
- अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमको तुल, व्यानर, प्रमाणपत्र आदि तयार गर्ने।

(घ) <u>मञ्च व्यवस्थापन उपसमिति</u>

| | |
|---|---|
| मा. सदस्य श्री मन्जु कुमारी | संयोजक |
| सचिव श्री राजकुमार श्रेष्ठ | सदस्य |
| सहसचिव श्री प्रेमप्रसाद पौडेल | सदस्य |
| सहसचिव श्री बलदेवप्रसाद जोशी | सदस्य |
| उपसचिव श्री दुर्गाप्रसाद पराजुली | सदस्य |
| उपसचिव श्री राजन राई | सदस्य |
| उपसचिव श्री वीरेन्द्रबहादुर स्वाँर | सदस्य |
| उपसचिव श्री युवराज पोखरेल | सदस्य-सचिव |

**मञ्च व्यवस्थापन उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरूः-**

- आवश्यक आकर्षक मन्च निर्माण, निरीक्षण र समन्वय गर्ने,
- स्वागतद्वार निर्माण गर्ने,
- अतिथि, पत्रकार तथा अन्य व्यक्तिहरुको लागि मर्यादाक्रमानुसार सिटको व्यवस्थापन गर्ने, कार्यक्रमको तुल, व्यानर, फ्लेक्स आदि तयार पार्ने,
- सम्पादित कार्यहरूको प्रतिवेदन।

**मूल समारोह समिति तथा उपसमितिबाट सम्पादित क्रियाकलापहरु**

**कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति**

**कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमितिबाट भएका निर्णयहरुः**

वार्षिकोत्सव कार्यक्रमलाई सफल तुल्याउन यस उपसमितिबाट निम्न बमोजिम निर्णयहरु भएका थिए।

<u>मिति २०८०।२।९ को निर्णयः</u>

- लोक सेवा आयोग हाजिरी जवाफ प्रतियोगिता सञ्चालन कार्यविधि, २०७९ बमोजिम अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगिता गत वर्ष जस्तै गरी सञ्चालन गर्ने,
- वार्षिकोत्सवमा रक्तदान कार्यक्रम आयोजना गर्ने। यस प्रयोजनको लागि सम्बन्धित संघ संस्थासँग समन्वय एवम् सम्पर्क गरी उपयुक्त मितिमा रक्तदान कार्यक्रम सम्पन्न गर्ने,
- हाजिरी जवाफ प्रतियोगितामा सहभागी हुन सबै संवैधानिक अङ्ग/निकायहरूमा प्रशासन शाखाबाट पत्राचार गरी प्रत्येक संवैधानिक अङ्ग/निकायबाट ३ जना सहभागीको नामावली ७ दिनभित्र मनोनयन गरी पठाउन पत्राचार गर्ने। यसको जानकारी सम्बन्धित संवैधानिक अङ्ग/निकायका प्रमुखलाई समेत दिने,

- हाजिरी जवाफ प्रतियोगिताको लागि कच्चा प्रश्नपत्र निर्माण गर्न परीक्षा सञ्चालन शाखालाई जिम्मेवारी दिने। प्रश्नपत्र निर्माण कार्य आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालयका उपयुक्त विषय विज्ञ/दक्षलाई गैर मौद्रिक रूपमा गरिदिन अनुरोध गर्ने,
- हाजिरी जवाफ प्रतियोगिता सञ्चालनको लागि पूर्व सचिव श्री रामचन्द्रमान सिंह र श्री त्रिभुवनमान श्रेष्ठलाई विज्ञको रुपमा कार्य गर्न अनुरोध गर्ने। विज्ञ सदस्यको पारिश्रमिक आयोगबाट निर्धारण भए बमोजिम हुने,
- प्रश्नपत्र परिमार्जनको कार्य गोप्य ढङ्गबाट विषय विज्ञ वा दक्षबाट सम्बन्धित शाखामार्फत गराउने,
- हाजिरी जवाफ प्रतियोगितालाई व्यवस्थित, मर्यादित र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक लजिस्टिक, प्रमाणपत्र छपाइ तथा कार्यक्रम सञ्चालन गर्नको लागि निम्न बमोजिम सदस्य रहेको कार्यदल गठन गर्ने

| | |
|---|---|
| वरिष्ठ मनोविज्ञानवेत्ता श्री सर्मुनलाल शाक्य | संयोजक |
| शाखा अधिकृत श्री देबेन्द्र शर्मा | सदस्य |
| शाखा अधिकृत श्री हरिप्रसाद भुसाल | सदस्य |
| शाखा अधिकृत श्री खगेन्द्र बर्देवा | सदस्य |
| नायब सुब्बा श्री मानवी भट्टराई | सदस्य |

- हाजिरी जवाफ प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालन गर्ने सिलसिलामा कुनै विवाद तथा द्विविधा उत्पन्न भएमा सोको समाधान गर्न निम्न बमोजिम सदस्य रहेको विवाद सहजीकरण कार्यदल गठन गर्ने

| | |
|---|---|
| मुख्य मनोविज्ञानवेत्ता डा. खगेन्द्रप्रसाद सुवेदी | संयोजक |
| सहसचिव श्री प्रेमप्रसाद पौडेल | सदस्य |
| सहसचिव श्री तोयनारायण सुबेदी | सदस्य |

- हाजिरीजवाफ प्रतियोगितामा विजेता समूह र सहभागीहरुलाई उपहार स्वरूप दिईने ट्रफी, मेडल, मायाको चिनो र प्रमाणपत्र प्रदान गर्न वार्षिकोत्सव मूल समारोह समितिमा सिफारिस गर्ने।

**<u>मिति २०८०/२/२२ को निर्णयः</u>**

- अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्न परीक्षा सञ्चालन शाखाबाट संकलन भएका कच्चा प्रश्नपत्र आयोगको प्रश्नपत्र परिमार्जन शाखाबाट तोकिएका विज्ञ समूहबाट परिमार्जन हुने ब्यबस्था मिलाउने,
- वार्षिकोत्सवको अवसरमा आयोजना गरिने रक्तदान कार्यक्रम मिति २०८०/२/३१ गते अन्तर्राष्ट्रिय रक्तदान दिवसको दिन बिहान ११ बजे नेपाल रेडक्रस सोसाइटीको समन्वय र संयोजनमा आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीको प्राङ्गणमा सञ्चालन गर्ने,
- हाजिरी जवाफ प्रतियोगिता मिति २०८०/२/२९ र ३० गते सञ्चालन गर्ने।

२. **अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा सहभागी हुन आमन्त्रण गरिएको निकायहरुको नामावली :-**

उपसिमितको निर्णय बमोजिम प्रशासन शाखाबाट तपसिल बमोजिमका संवैधानिक अङ्ग/निकायलाई अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा सहभागीताको लागि पत्राचार गरिएको थियो।

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं
- निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं
- राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरवार
- राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा, काठमाडौं
- राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर
- राष्ट्रिय समावेशी आयोग, दरवारटोल, ललितपुर
- आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर
- मधेशी आयोग, ज्वागल, ललितपुर
- थारू आयोग, अनामनगर, काठमाडौं
- मुस्लिम आयोग, जावलाखेल, ललितपुर
- राष्ट्रिय सूचना आयोग, देविनगर, काठमाडौं

आयोगको वार्षिकोत्सव कार्यक्रममा आयोगमा भएको अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरीजवाफ प्रतियोगितामा देहाय बमोजिमका संवैधानिक अङ्ग/निकायहरुबाट देहाय बमोजिमको सहभागीता रहेको थियो।

| **क्र.सं.** | **संवैधानिक अङ्ग/निकाय** | **सहभागी कर्मचारीको नाम. थर** |
|---|---|---|
| १ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं | लक्ष्मी आचार्य, बसन्तराज जोशी र पुजन ढुंगाना |
| २ | महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं | दिपक आचार्य, बिनोद रिजाल र सुरेश के.सी. |
| ३ | लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं | विवश नेपाली, इश्वरी अधिकारी र ज्ञानबहादुर बर्देवा |
| ४ | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं | प्रेमसिंह बिष्ट, धिरेन्द्र शाही र राजेन्द्र मरासिनी |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर | खिमानन्द बस्याल, देवराज भट्टराई र सम्झना धिमाल |
| ६ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरवार | दिवस भट्टराई, गीता चपाईं र दिलकुमार श्रेष्ठ, |

| | | |
|---|---|---|
| ७ | राष्ट्रिय समावेशी आयोग,<br>दरवारटोल, ललितपुर | तुलसा पौडेल, भोजराज अधिकारी र सन्तोष भण्डारी |
| ८ | मधेशी आयोग,<br>ज्वागल, ललितपुर | सुन्दरप्रसाद निरौला, अमितकुमार साह र खगेन्द्र नेपाली |

आयोगको वार्षिकोत्सवको अवसरमा आयोजना भएको अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा सहभागी प्रतियोगी मध्ये देहाय बमोजिमका संवैधानिक अङ्ग/निकायहरु क्रमशः प्रथम, द्वितीय, तृतीय र चौथो स्थान हासिल गर्न सफल भएका थिए।

- महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं : प्रथम
- लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं : द्वितीय
- राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर : तृतीय
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरवार : चतुर्थ

❖ प्रतियोगिता सम्पन्न भएपछि अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरी जवाफ प्रतियोगितामा बिजयी समूहलाई ट्रफी, मेडल, मायाको चिनो र प्रमाणपत्रसहित बधाई दिदै सम्मान/पुरस्कार प्रदान गरिएको थियो।

**३ रक्तदान कार्यक्रमः**

आयोगको वार्षिकोत्सव एवम् अन्तर्राष्ट्रिय रक्तदान दिवसको दिन १४ जुन २०२३, तदानुसार ३१ जेष्ठ, २०८० का दिन रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। यस रक्तदान कार्यक्रममा देहाय बमोजिमका रक्तदाताबाट रक्तदान गरिएको थियो।

**<u>रक्तदान गर्ने कर्मचारीहरुको विवरण</u>**

| क्र.सं. | दर्जा | कर्मचारीको नाम, थर | क्र.सं. | दर्जा | कर्मचारीको नाम, थर |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | हरिप्रसाद भुसाल | २ | शाखा अधिकृत | आरती अधिकारी |
| ३ | शाखा अधिकृत | पदमबहादुर राउत | ४ | कम्प्युटर इन्जिनियर | शम्भुकुमार झा |
| ५ | शाखा अधिकृत | रामचन्द्र रेग्मी | ६ | शाखा अधिकृत | राजु सत्याल |
| ७ | शाखा अधिकृत | नारायणप्रसाद पोखरेल | ८ | शाखा अधिकृत | मदनकुमार बजगाईं |
| ९ | शाखा अधिकृत (शिक्षा) | बद्रीप्रसाद दहाल | १० | कम्प्युटर अपरेटर | माधव रेग्मी |
| ११ | नायब सुब्बा | मानवी भट्टराई | १२ | नायब सुब्बा | रमेशकुमार ज्ञवाली |
| १३ | नायब सुब्बा | विबश नेपाली | १४ | नायब सुब्बा | इश्वरी अधिकारी |
| १५ | कम्प्युटर अपरेटर | प्रल्हाद सत्याल | १६ | कम्प्युटर अपरेटर | सुरेश श्रेष्ठ |
| १७ | कम्प्युटर अपरेटर | लालबहादुर थापा | १८ | नायब सुब्बा | दुर्गाप्रसाद आचार्य |
| १९ | नायब सुब्बा | विवश भण्डारी | २० | कम्प्युटर अपरेटर | राजेन्द्र रंजितकार |
| २१ | नायब सुब्बा | शोभाखर ज्ञवाली | २२ | हलुका सवारी चालक | निरबहादुर खड्का |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | खरिदार | तिलकप्रसाद चालिसे | २४ | हलुका सवारी चालक | शिव श्रेष्ठ |
| २५ | प्राविधिक सहयोग टीम सदस्य | मोहन सिंह | २६ | हलुका सवारी चालक | शिवराम चौलागाई |
| २७ | हलुका सवारी चालक | दिपक थापा | २८ | हलुका सवारी चालक | अर्जुनकुमार महतो |
| २९ | कार्यालय सहयोगी | लोकनाथ सुवेदी | | | |

**अतिथि सत्कार तथा प्रचार प्रसार उपसमिति**

- विगत वार्षिकोत्सव कार्यक्रमहरुमा भएको सहभागिता समेतलाई मध्यनजर गरी उपसमितिबाट तयार भएको सहभागीहरुको सूचीलाई मूल समारोह समितिको निर्देशन बमोजिम अन्तिम रुप दिई आमन्त्रित सहभागीहरुलाई निमन्त्रणा गरिएको थियो।
- आमन्त्रित सहभागीहरुलाई निम्न बमोजिमको निमन्त्रणा कार्ड मार्फत आमन्त्रण गरी सहभागिताको सुनिश्चित गरिएको थियो। प्रशासन शाखाबाट मूल समारोह समितिको स्वीकृति बमोजिम निम्न ढाँचाको २०० प्रति निमन्त्रणा कार्ड छपाइ गरी वितरण गरिएको थियो।

**लोक सेवा आयोग**
**कमलपोखरी, काठमाडौं**

## निमन्त्रणा

सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवज्यूको प्रमुख आतिथ्यमा आयोजना हुने लोक सेवा आयोगको ७३ औं वार्षिकोत्सव समारोहमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछु ।

**कार्यक्रम**

स्थानः लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं
मितिः २०८० आषाढ १ गते, शुक्रबार
समयः विहान १०:१५ बजे
पोशाकः औपचारिक/राष्ट्रिय/मर्यादित

- वार्षिकोत्सव समारोहमा आमन्त्रित महानुभावहरुको नामावली **अनुसूची-१** मा समावेश गरिएको छ।

४. सरकारी र निजी सञ्चार माध्यम (छापा तथा विद्युतीय) मार्फत आयोगको निम्न सन्देश प्रवाह गर्ने प्रबन्ध मिलाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गरिएको थियो।

- **योग्यता, स्वच्छता, निष्पक्षता - लोक सेवा आयोगको प्रतिवद्धता**

  यसैगरी नेपाल विज्ञापन बोर्डलाई सरकारी तथा निजी सञ्चार माध्यमबाट लोक कल्याणकारी विज्ञापन मार्फत देहाय बमोजिम लोक सेवा आयोगको सन्देश प्रवाह गरिदिन अनुरोध गरिएको थियो।

योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं

**"योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिवद्धता"**

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं

२०८० असार १ गते लोक सेवा आयोगको ७३ औं वार्षिकोत्सव भव्यताका साथ मनाऔं

**५. परिसम्वाद तथा अन्तरसम्वाद कार्यक्रमः**

रेडियो नेपाल र नेपाल टेलिभिजनबाट अन्तर्वार्ता तथा परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने तथा वार्षिकोत्सवको दिन अर्थात असार १ गते गोरखापत्र राष्ट्रिय दैनिकमा विशेष प्रकाशन गर्ने व्यवस्थाका लागि समन्वय गरिएको थियो।

(क) **नेपाल टेलिभिजनः**

वार्षिकोत्सव कार्यक्रमलाई प्रभावकारी रुपमा आयोजना गर्ने सिलसिलामा २०८० साल जेठ ३२ गते लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मी, लोक सेवा आयोगका पूर्व अध्यक्ष उमेशप्रसाद मैनाली र कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगका अध्यक्ष कल्याणी मिश्र त्रिपाठीसँग नेपाल टेलिभिजनद्वारा वर्तमान अवस्थामा लोक सेवा आयोग र आयोगसँग सम्बन्धित समसमायिक विषयमा सर्वसाधारणको जानकारीको लागि परिसम्वाद कार्यक्रम सञ्चालन गरिएको थियो।

**(ख) रेडियो नेपालः**

वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्ने सिलसिलामा २०८० साल जेठ ३२ गते लोक सेवा आयोगका माननीय सदस्य माधव बेलवासे, लोक सेवा आयोगका पूर्व सदस्य डा. गोविन्द कुसुम र नेपाल सरकारका पुर्व सचिव श्री शारदाप्रसाद त्रितालज्यूसँग लोक सेवा आयोगसँग सम्बन्धित विषयमा रेडियो नेपालद्वारा परिसम्वाद कार्यक्रम सञ्चालन गरिएको थियो। यसैगरी लोक सेवा आयोगका माननीय सदस्य वीरबहादुर राईज्यूसँग रेडियो नेपालद्वारा २०८० साल असार १ गते बिहान ६:३० बजे अन्तरसम्वाद कार्यक्रममार्फत लोक सेवा आयोगका समसमायिक गतिविधिहरुको बारेमा प्रकाश पारिएको थियो।

**६. विशेष प्रकाशनः**

आयोगका गतिविधिसम्बन्धी विशेष प्रकाशन तयार गरी वार्षिकोत्सवको दिन गोरखापत्र दैनिकमा रङ्गीन एक पेज निःशुल्क प्रकाशनको प्रबन्ध गरिएको थियो। विशेष प्रकाशन **<u>अनुसूची-२</u>** मा समावेश गरिएको छ।

७. कार्यक्रमको दिन निम्न बमोजिम सञ्चार माध्यमलाई पत्राचार गरी आमन्त्रण गरिएको थियोः-

- श्री गोरखापत्र दैनिक
- श्री रेडियो नेपाल
- श्री नेपाल टेलिभिजन
- श्री राष्ट्रिय समाचार समिति
- श्री फोटो पत्रकार, सूचना तथा प्रसारण विभाग
- श्री न्यूज एजेन्सी नेपाल (NAN)
- श्री कान्तिपुर दैनिक
- श्री अन्नपूर्ण पोष्ट
- श्री नागरिक दैनिक
- श्री नयाँ पत्रिका दैनिक
- श्री राजधानी दैनिक
- श्री कान्तिपुर टेलिभिजन
- श्री एविसी टेलिभिजन
- श्री सगरमाथा टेलिभिजन
- श्री न्यूज 24 टेलिभिजन

**ग. मञ्च व्यवस्थापन उपसमिति**

- मूल समारेह समितिको निर्देशन र समन्वयमा रही वार्षिकोत्सव कार्यक्रमलाई भव्य एवं सभ्य रुपमा सम्पन्न गर्न आयोगको प्रवेशद्वार र परिसरमा स्वागतद्वार निर्माण गरिएको थियो। यस कार्यमा नेपाली सेनाको सहयोग लिईएको थियो।
- सुरक्षा व्वस्थालाई समेत मध्यनजर गरी आयोगको सभा हलमा आकर्षक मञ्च निर्माण गरिएको थियो र अवश्यकता अनुसार प्रवेशद्वारदेखि सभा हलसम्म तुल, व्यानर र फ्लेक्स मार्फत सजाइएको थियो।
- कार्यक्रममा आमन्त्रण हुने महानुभावहरूको सूची अतिथि सत्कार तथा प्रचार प्रसार उपसमितिबाट प्राप्त गरी सुरक्षा निकायहरूका प्रमुख तथा प्रतिनिधिहरूसँग समन्वय गरी ३ पटक बैठकहरू आयोजना गरिएको,
- विशिष्ट अतिथीहरूको सुरक्षा व्यवस्था र सहजतालाई मध्यनजर गर्दै आयोगको भौतिक स्थिती निरीक्षण गरी आवश्यक सुधार गर्ने प्रबन्ध मिलाइएको,
- आयोगका पदाधिकारी, कर्मचारी तथा आमन्त्रित अतिथीहरूको सवारी साधन पार्किङका लागि आयोगको बेसमेन्टमा पार्किङ र अनामनगरस्थित आयोगको कार्यालयको पार्किङस्थल लगायतको प्रबन्ध गरिएको।

### घ. मूल समारोह समिति

मूल समारोह समितिबाट आयोगले आफ्नो स्थापना दिवसको सिलसिलामा विगत वर्षहरुमा जस्तै गरी वार्षिकोत्सव मनाउने सिलसिलामा सुरक्षा व्यवस्थापन उपसमिति, अतिथि सत्कार तथा प्रचार प्रचार उपसमिति, कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति र मञ्च व्यवस्थापन उपसमिति गठन गरी तयारीको कार्य अगाडि बढाएकोमा उक्त उपसमितिका कार्यहरुलाई व्यवस्थित र मर्यादित बनाउन समन्वयको कार्य गरिएको थियो। मूल समारोह समितिको तर्फबाट आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले वार्षिकोत्सवको उद्घाटनको लागि सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको समय लिनु भएकोमा सम्मानीय राष्ट्रपतिज्यूको व्यक्तिगत स्वास्थ्यका कारण उपस्थित हुन असमर्थ रहनु भएको हुँदा सम्मानननीय उपराष्ट्रपतिज्यूबाट वार्षिकोत्सवको उद्घाटन हुने गरी वार्षिकोत्सव कार्यक्रमको समुद्घाटनको प्रबन्ध मिलाईएको थियो। वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न मूल समारोह समितिबाट निम्न बमोजिमको कार्यक्रम तालिका स्वीकृत भएको थियो।

लोक सेवा आयोगको ७३ औं वार्षिकोत्सव समारोह

कार्यक्रम- २०८०

२०८० असार १ गते, शुक्रबार

| क्र.सं. | समय | कार्यक्रम |
|---|---|---|
| १ | १०:१५-१०:५५ | अतिथि महानुभावहरुको आगमन तथा आसन ग्रहण |
| २ | १०:५५-११:०० | सम्माननीय उपराष्ट्रपतिज्यूको आगमन तथा स्वागत<br>▪ सम्माननीयज्यूको स्वागत:<br>▪ मा.अध्यक्षज्यू र आयोगको पदाधिकारीहरुबाट<br>▪ राष्ट्रिय गान<br>▪ सम्माननीयज्यूको आसन ग्रहण<br>▪ सम्माननीयज्यूमा व्याच वितरण |
| ३ | ११:००-११:०५ | स्वागत मन्तव्य : सचिव श्री राजकुमार श्रेष्ठ |
| ४ | ११:०५-११:०७ | सम्माननीय उपराष्ट्रपतिज्यूबाट पानसमा दीप प्रज्वलन गरी कार्यक्रम समुद्घाटन |
| ५ | ११:०७-११:१७ | मन्तव्य : मा.अध्यक्ष श्री माधवप्रसाद रेग्मी |
| ६ | ११:१७-११:२५ | सम्माननीय उपराष्ट्रपतिज्यूबाट लोक सेवा आयोगमा कार्यरत उत्कृष्ट कर्मचारीहरुलाई दोसल्ला र कदरपत्र प्रदान |
| ७ | ११:२५-११:३५ | सम्माननीय उपराष्ट्रपतिज्यूबाट मार्गदर्शन सम्बोधन |
| ८ | ११:३५-११:४० | धन्यवाद तथा कृतज्ञता ज्ञापन:<br>मा. सदस्य श्री माधव बेल्बासे |
| ९ | ११:४०-११:४५ | फोटो सेसन |
| १० | ११:४५ | जलपान |
| ११ | सम्माननीय उपराष्ट्रपतिज्यू तथा अन्य विशिष्ट अतिथिज्यूहरुको बिदाई। | |

कार्यक्रम सञ्चालन: सहसचिव श्री गीताकुमारी होमेगाई

सम्पर्क व्यक्ति: सचिव श्री राजकुमार श्रेष्ठ

कार्यक्रम स्थान: लोक सेवा आयोग, केन्द्रीय कार्यालय,
कमलपोखरी, काठमाडौं।

उपरोक्त कार्यक्रमको आधारमा वार्षिकोत्सव कार्यक्रमका प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवको समुपस्थितिमा आयोगको कमलपोखरीस्थित सभा हलमा वार्षिकोत्सवको समारोह सम्पन्न भएको थियो। वार्षिकोत्सवको दिन बिहान ११:०० बजे सम्मानीय उपराष्ट्रपतिज्यूबाट पानसमा दिप प्रज्वलन गरी वार्षिकोत्सव कार्यक्रमको समुद्घाटन गर्नुहुँदै आयोगले स्थापित गरेका मूल्य, मान्यता र पद्धतीको जगेर्ना गर्दै सार्वजनिक क्षेत्रमा जनशक्ति आपूर्ति गर्ने कार्यमा योग्यता प्रणालीको संरक्षण र विकास गर्न लोक सेवा आयोगलाई थप सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो। सम्माननीय उपराष्ट्रपतिज्यूबाट वार्षिकोत्सवको अवसरमा दिनुभएको सम्बोधन मन्तव्य **<u>अनुसूची-३</u>** मा समावेश गरिएको छ।

वार्षिकोत्सव कार्यक्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीले मन्तव्य राख्नु हुँदै संविधानद्वारा प्रदत्त जिम्मेवारी वहन गर्न लोक सेवा आयोग तत्पर रहेको र आयोगले हालसम्म गरेका सकारात्मक पहलहरुको बारेमा संक्षिप्त प्रकाश पार्नुभएको थियो। आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीज्यूबाट वार्षिकोत्सवको अवसरमा दिनुभएको सम्बोधन मन्तव्य **<u>अनुसूची-४</u>** मा समावेश गरिएको छ।

कार्यक्रमको अन्तमा आयोगका माननीय सदस्य वीरबहादुर राईले प्रमुख अतिथि लगायत उपस्थित महानुभावहरुको सहभागिताको लागि आयोगको तर्फबाट धन्यवाद मन्तव्य दिदैं आयोगले सम्पादन गरेका राम्रा अभ्यासहरुको संक्षिप्त प्रस्तुति गर्नुभएको थियो। आयोगका माननीय सदस्य वीरबहादुर राईज्यूबाट वार्षिकोत्सवको अवसरमा दिनुभएको धन्यवाद मन्तव्य **<u>अनुसूची-५</u>** मा समावेश गरिएको छ।

कार्यक्रमको प्रारम्भमा प्रमुख अतिथि लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई आयोगको तर्फबाट आयोगका सचिव श्री राजकुमार श्रेष्ठज्यूबाट स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। आयोगका सचिव राजकुमार श्रेष्ठज्यूले वार्षिकोत्सवको अवसरमा गर्नुभएको स्वागत मन्तव्य **<u>अनुसूची-६</u>** मा समावेश गरिएको छ।

**पुरस्कार तथा सम्मानः** वार्षिकोत्सव कार्यक्रमको सिलसिलामा आयोगको सचिवालयको सिफारिसको आधारमा आयोग र अन्तर्गत कार्यालयमा कार्यरत रही उत्कृष्ट कार्य सम्पादन गर्ने तपसिल बमोजिमका कर्मचारीहरुलाई वार्षिकोत्सवका अवसरमा पुरस्कृत र सम्मानित गरिएको थियो।

- <u>उत्कृष्ट कर्मचारी पुरस्कार</u>

  आयोग र अन्तर्गत कार्यालयहरुमा कार्यरत रही आर्थिक वर्ष २०७९/८० उत्कृष्ट कार्य सम्पादन गर्ने निम्न कर्मचारीहरुलाई पुरस्कार र सम्मानपत्र सहित सम्मानित गरिएको थियो।

१. शाखा अधिकृत, श्री खगेन्द्रप्रसाद भट्ट, लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय
२. नायब सुब्बा, श्री मनकुमारी श्रेष्ठ, लोक सेवा आयोग, केन्द्रीय कार्यालय
३. कार्यालय सहयोगी, श्री सानुबाबु च्यामे, लोक सेवा आयोग, केन्द्रीय कार्यालय

**<u>सुचना प्रविधितर्फ उत्कृष्ट कार्य सम्पादन गरी सम्मानित हुने कर्मचारी</u>**

आयोग र अन्तर्गत कार्यालयहरुमा कार्यरत रही आर्थिक वर्ष २०७९-८० मा आयोगको कार्य सम्पादनमा सूचना प्रविधिको माध्यमबाट उत्कृष्ट कार्य सम्पादन गर्ने निम्न कर्मचारीहरुलाई सम्मानपत्र सहित सम्मानित गरिएको थियो।

१. टाईपिस्ट नायब सुब्बा, श्री प्रेमकुमार सैंजु, लोक सेवा आयोग, केन्द्रीय कार्यालय
२. कम्प्युटर अपरेटर, श्री ज्ञानेन्द्र धिताल, लोक सेवा आयोग, धनकुटा कार्यालय
३. कम्प्युटर अपरेटर, श्री हेमबहादुर खड्का, दरखास्त व्यवस्थापन केन्द्र

**<u>वार्षिकोत्सव कार्यक्रम सम्बन्धी प्रेस विज्ञप्ती</u>:** वार्षिकोत्सव कार्यक्रम सम्पन्न भए पश्चात सरोकारवालाको जानकारीको लागी आयोगको तर्फबाट प्रेस विज्ञप्ती जारी गरिएको थियो। आयोगका प्रवक्ताद्वारा जारी भएको प्रेस विज्ञप्ती **<u>अनुसूची-७</u>** मा समावेश गरिएको छ।

**प्रतिवेदकः** सूचना तथा प्रकाशन शाखा

## अनुसूची - १

## (आमन्त्रित महानुभावहरूको सूची)

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री प्रेम कुमार राई | प्रमुख आयुक्त | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं |
| २ | श्री दिनेश थपलिया | प्रमुख निर्वाचन आयुक्त | निर्वाचन कान्तिपथ, काठमाडौं |
| ३ | श्री तप बहादुर मगर | अध्यक्ष | राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर |
| ४ | श्री बालानन्द पौडेल | अध्यक्ष | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरवार |
| ५ | श्री कमला पराजुली | अध्यक्ष | राष्ट्रिय महिला आयोग, पृथ्वीपथ, काठमाडौं |
| ६ | श्री देवराज विश्वकर्मा | अध्यक्ष | राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर |
| ७ | डा. श्री राम कृष्ण तिमल्सेना | अध्यक्ष | राष्ट्रिय समावेशी आयोग, दरवारटोल, ललितपुर |
| ८ | श्री राम बहादुर थापामगर | अध्यक्ष | आदिवासी जनजाति आयोग, पुल्चोक, ललितपुर |
| ९ | डा.श्री विजय कुमार दत्त | अध्यक्ष | मधेशी आयोग, ज्वागल, ललितपुर |
| १० | श्री विष्णु प्रसाद चौधरी | अध्यक्ष | थारू आयोग, अनामनगर, काठमाडौं |
| ११ | श्री समिम मियाँ अन्सारी | अध्यक्ष | मुस्लिम आयोग, जावलाखेल, ललितपुर |
| १२ | श्री महेन्द्र मान गुरुङ | प्रमुख सूचना आयुक्त | राष्ट्रिय सूचना आयोग, देविनगर, काठमाडौं |
| १३ | श्री शंकरदास बैरागी | मुख्य सचिव | नेपाल सरकार |
| १४ | श्री भरत राज गौतम | महासचिव | संघीय संसद |
| १५ | श्री लालबहादुर कुँवर | मुख्य रजिस्ट्रार | सर्वोच्च अदालत |
| १६ | श्री डिल्लीराम शर्मा | सचिव | राष्ट्रपतिको कार्यालय |
| १७ | श्री तोयम राया | सचिव | उपराष्ट्रपतिको कार्यालय |
| १८ | डा. बैकुण्ठ अर्याल | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १९ | श्री यादवप्रसाद कोइराला | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २० | श्री एकनारायण अर्याल | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | | |
|---|---|---|---|
| २१ | श्री उदयराज सापकोटा | सचिव (कानून) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २२ | श्री मणिराम गेलाल | सचिव (इन्जिनियरिङ्ग) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३ | डा. गणेशप्रसाद पाण्डेय | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४ | श्री विनोदप्रकाश सिंह | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २५ | श्री टेकनारायण पाण्डे | सचिव (अतिरिक्त) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २६ | श्री खगेन्द्रप्रसाद नेपाल | सचिव(विशेष दरबन्दी) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २७ | श्री अर्जुनप्रसाद पोखरेल | सचिव (अर्थ) | अर्थ |
| २८ | डा. रामप्रसाद घिमिरे | सचिव (राजस्व) | अर्थ |
| २९ | श्री मधुकुमार मरासिनी | सचिव (वाणिज्य तथा आपूर्ति) | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ३० | श्री दिनेशकुमार घिमिरे | सचिव (ऊर्जा) | ऊर्जा, जलस्रोत तथा सिंचाई |
| ३१ | श्री गोपालप्रसाद सिग्देल | सचिव (जलस्रोत तथा सिँचाई) | ऊर्जा, जलस्रोत तथा सिंचाई |
| ३२ | श्री धनराज ज्ञवाली | सचिव | कानुन, न्याय, तथा संसदीय मामिला |
| ३३ | डा. गोविन्दप्रसाद शर्मा | सचिव (कृषि ) | कृषि तथा पशुपन्छी विकास |
| ३४ | डा. दिपककुमार खराल | सचिव (पशुपन्क्षी ) | कृषि तथा पशुपन्छी विकास |
| ३५ | श्री रामआधार साह | सचिव | खानेपानी |
| ३६ | श्री दिनेश भट्टराई | सचिव | गृह |
| ३७ | श्री भरतराज पौड्याल | सचिव | परराष्ट्र |
| ३८ | डा. दामोदर रेग्मी | सचिव | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| ३९ | श्री केशवकुमार शर्मा विडारी | सचिव | भौतिक पूर्वाधार तथा यातायात |
| ४० | श्री सुमनराज अर्याल | सचिव | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| ४१ | श्री सूर्यप्रसाद गौतम | सचिव | युवा तथा खेलकुद |
| ४२ | श्री किरणराज शर्मा | सचिव | रक्षा |
| ४३ | डा. रेवतीरमण पौडेल | सचिव | वन तथा वातावरण |

| | | | |
|---|---|---|---|
| ४४ | श्री रामकृष्ण सुवेदी | सचिव (शिक्षा) | शिक्षा, विज्ञान तथा प्रविधि |
| ४५ | श्री प्रमिलादेवी बज्राचार्य | सचिव (विज्ञान तथा प्रविधि) | शिक्षा, विज्ञान तथा प्रविधि |
| ४६ | श्री केवलप्रसाद भण्डारी | सचिव | श्रम , रोजगार तथा सामाजिक सुरक्षा |
| ४७ | श्री सुरेश अधिकारी | सचिव | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| ४८ | डा. कृष्णहरि पुष्कर | सचिव | संघीय मामिला तथा सामान्य प्रशासन |
| ४९ | श्री कृष्ण बहादुर राउत | सचिव | सञ्चार तथा सूचना प्रविधि |
| ५० | श्री रविन्द्रनाथ श्रेष्ठ | सचिव | सहरी विकास |
| ५१ | श्री देवकुमारी गुरागाई | सचिव (जनसंख्या र प्रशासन) | स्वास्थ्य तथा जनसंख्या |
| ५२ | डा. रोशन पोखरेल | सचिव (स्वास्थ्य) | स्वास्थ्य तथा जनसंख्या |
| ५३ | श्री नारायणप्रसाद पन्थी | रजिस्ट्रार | सर्वोच्च अदालत |
| ५४ | श्री निर्मला पौडेल | रजिस्ट्रार | सर्वोच्च अदालत |
| ५५ | श्री देवेन्द्रराज ढकाल | सचिव | न्याय परिषद् सचिवालय |
| ५६ | श्री सुदर्शन खड्का | सचिवालय सचिव | संघीय संसद सचिवालय |
| ५७ | डा. रोजनाथ पाण्डे | सचिवालय सचिव | संघीय संसद सचिवालय |
| ५८ | डा. दिनमणी पोखरेल | महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ५९ | श्री विश्वराज कोइराला | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६० | डा. टेकबहादुर घिमिरे | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६१ | श्री गोपाल प्रसाद रिजाल | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६२ | श्री संजीवराज रेग्मी | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६३ | श्री रामेश्वर दंगाल | सचिव | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ६४ | श्री राममाया कुँवर | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६५ | श्री महेश्वर काफ्ले | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |

| | | | |
|---|---|---|---|
| ६६ | श्री बामदेव शर्मा अधिकारी | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६७ | श्री विन्दु विष्ट | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६८ | श्री राजकुमार श्रेष्ठ | सचिव | लोक सेवा आयोग |
| ६९ | श्री गोकर्णमणि दुवाडी | सचिव | निर्वाचन आयोग |
| ७० | श्री मुरारीप्रसाद खरेल | सचिव (का.मु.) | राष्ट्रिय मानव अधिकार आयोग |
| ७१ | श्री भरतमणि सुवेदी | सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ७२ | डा. तोयनारायण ज्ञवाली | सचिव | राष्ट्रिय योजना आयोग |
| ७३ | श्री सुशिलचन्द्र तिवारी | सचिव | जल तथा उर्जा आयोग |
| ७४ | श्री लीलादेवी गडतौला | सचिव | नेपाल कानुन आयोग |
| ७५ | श्री तोयानाथ अधिकारी | सचिव | सत्य निरुपण तथा मेलमिलाप आयोग |
| ७६ | श्री श्यामकुमार भट्टराई | सचिव | बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग |
| ७७ | श्री हरिप्रसाद मैनाली | महालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय |
| ७८ | श्री मधुसुदन बुर्लाकोटी | सचिव | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ७९ | श्री सुरेश आचार्य | प्रमुख अधिकृत/सचिव | राष्ट्रिय सतर्कता केन्द्र |
| ८० | श्री सरजुकुमार वैद्य | सचिव | नेपाल ट्रष्टको कार्यालय |
| ८१ | श्री रामप्रसाद थपलिया | प्रमुख तथ्याङ्क अधिकारी/सचिव | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ८२ | श्री प्रभुराम शर्मा | प्रधान सेनापति | नेपाली सेना |
| ८३ | श्री बसन्त बहादुर कुँवर | प्रहरी महानिरीक्षक | नेपाल प्रहरी |
| ८४ | श्री राजु अर्याल | सशस्त्र प्रहरी महानिरीक्षक | सशस्त्र प्रहरी बल, नेपाल |
| ८५ | श्री हुतराज थापा | मुख्य अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग |
| ८६ | घनश्याम उपाध्याय | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ८७ | श्री योगेन्द्रनाथ ओझा (अध्यक्ष) | पूर्व-पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ८८ | श्री तीर्थमान शाक्य (पाटन) (अध्यक्ष) | पूर्व-पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ८९ | डा.श्री कयोदेवी यमी (अध्यक्ष) | पूर्व-पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ९० | श्री उमेश प्रसाद मैनाली (अध्यक्ष) | निवर्तमान पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ९१ | डा.श्री गौरीशंकरलाल दास (चावहिल सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९२ | डा.मधुनिधि तिवारी (कमलपोखरी) (सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९३ | श्री देवशरण प्रसाद (घट्टेकुलो) (सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९४ | श्री उर्मिला श्रेष्ठ (सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९५ | डा.श्री भीमदेव भट्ट (डिल्लीबजार), (सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९६ | डा.श्री गणेशमान गुरुङ्ग (ट्याङ्गलाफाँट) (सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९७ | डा. श्रीकृष्ण यादव (धोविघाट) (सदस्य) | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९८ | श्री कृष्णप्रसाद पोखरेल | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९९ | श्री टीकादत्त निरौला | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०० | श्री राजेन्द्रप्रसाद शाह | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०१ | श्री विन्द्रा हाडा भट्टराई | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १०२ | श्री गोविन्द प्रसाद कुसुम | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०३ | श्रीपुरुष ढकाल | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०४ | श्री अशोक कुमार झा | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०५ | श्री ब्रह्मदेव राय | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०६ | श्री कृष्णचन्द्र झा | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०७ | श्री कुमार प्रसाद पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०८ | श्री केशवप्रसाद भट्टराई | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०९ | श्री दामोदर ढकाल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११० | श्री नाथुप्रसाद चौधरी | पूर्व-सचिव | लोक सेवा आयोग |
| १११ | श्री बाबुराम सापकोटा | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११२ | श्री श्यामप्रसाद मैनाली | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११३ | श्रीधर सापकोटा | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११४ | श्रीराम पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११५ | श्री सुशिल कान्त झा | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११६ | श्री सुशिल जंग बहादुर राणा | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११७ | श्री हेमराज पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११८ | श्री विष्णुप्रसाद लम्साल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११९ | श्री मधुप्रसाद रेग्मी | पूर्व-सचिव | लोक सेवा आयोग |
| १२० | श्री आनन्द राज ढकाल | पूर्व-सचिव | लोक सेवा आयोग |
| १२१ | श्री महेन्द्र प्रसाद गुरागाई | पूर्व-सचिव | लोक सेवा आयोग |
| १२२ | श्री लक्ष्मीविलास कोईराला | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२३ | श्री पुष्कर पन्त | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १२४ | श्री लाल बहादुर कार्की | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२५ | कुमार पौडेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १२६ | राम कुमारी श्रेष्ठ | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १२७ | गीता देवी माली | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १२८ | देबेन्द्र बैद्य | सेवा निवृत्त राष्ट्रसेवक (सि.बुक बाइन्डर) | लोक सेवा आयोग |
| १२९ | श्री प्रेमबहादुर श्रेष्ठ | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १३० | श्री जानकीराम शर्मा | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १३१ | श्री गंगाराम प्रजापती | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १३२ | श्री विष्णु बहादुर कुँवर | सेवा निवृत्त राष्ट्रसेवक (कार्यालय सहयोगी) | लोक सेवा आयोग |
| १३३ | श्री अशोक कुमार गुरुङ | सेवा निवृत्त राष्ट्रसेवक (सिनियर कम्पोजिटर) | लोक सेवा आयोग |
| १३४ | श्री डिल्लीराज पोखरेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १३५ | श्री रेवती के.सी. | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १३६ | श्री रबिन्द्रकुमार भण्डारी | सेवा निवृत्त राष्ट्रसेवक (अफसेट प्रेस सुपरभाइजर) | लोक सेवा आयोग |
| १३७ | श्री नवराज लम्साल | सेवा निवृत्त राष्ट्रसेवक (तथ्याङ्क उपसचिव) | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १३८ | श्री रामकृष्ण गुरागाई | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १३९ | श्री पदमबहादुर तमाङ | सेवा निवृत्त राष्ट्रसेवक (श्रेणीविहीन) | लोक सेवा आयोग |
| १४० | श्री खडग बहादुर थापा सुनारी मगर | सेवा निवृत्त राष्ट्रसेवक (कार्यालय सहयोगी) | लोक सेवा आयोग |
| १४१ | श्री केशवराज त्रिपाठी | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १४२ | श्री बालकुमार खतिवडा | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४३ | श्री इन्दिरा सुवेदी | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १४४ | श्री देवनाथ पोखरेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव ) | लोक सेवा आयोग |
| १४५ | श्री रामप्रसाद ढुंगाना | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४६ | श्री ताराप्रसाद भट्टराई | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १४७ | श्री राजेश पौडेल | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १४८ | श्री श्यामराज अधिकारी | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १४९ | श्री सविता निरौला | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १५० | श्री रश्मी सिंह | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |

# अनुसूची-२

## (विशेष प्रकाशन)

## अनुसूची -३
## (सम्माननिय उपराष्ट्रपतिज्यूको सम्बोधन)

**लोक सेवा आयोगका अध्यक्ष, संवैधानिक निकायका प्रमुखहरु,**
**लोक सेवा आयोगका पदाधिकारीहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरु,**
**विशिष्ट अतिथिहरु, सुरक्षा निकायका प्रमुखहरु, संचारकर्मी मित्रहरु,**
**भद्र महिला तथा सज्जनवृन्द।**

नेपालकै जेठो संवैधानिक अंगका रुपमा रहेको लोक सेवा आयोगको ७३ औं वार्षिकोत्सवको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। मुलुक सञ्चालन गर्ने स्थायी सरकारका रुपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने आयोगले ७२ वर्षयता आफ्नो मूल सिद्धान्त- योग्यता, निष्पक्षता, विश्वसनीयता र स्वच्छतालाई आधार मान्दै कार्यसम्पादन गर्न सफल भएकोमा आयोगको प्रशंसा गर्दछु। आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ता प्रतिको आशा र भरोसाको केन्द्रका रुपमा यसरी नै आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्न सक्नु पर्दछ।
कर्मचारी भर्ना र छनौट समग्र प्रशासनको संयन्त्रको जग भएकोले गलत भर्ना नीति र प्रक्रियाले प्रशासन संगठनभित्र स्थायी खराबीहरु प्रवेश गर्न सक्ने भएकोले आयोगले यसलाई निरुत्साहित गर्न योग्यताका सबै तत्वहरु पूर्वानुमेयता हुने गरी आफ्नो परीक्षण विधिहरुमा समयसापेक्ष सुधार गर्न जरुरी छ। योग्यताको धरातलमा ती सुधारहरु उच्च नैतिकवान र उत्प्रेरित कर्मचारीले मात्र सुशासन कायम गर्न टेवा पुर्याउने खालका हुनु पर्दछ। आयोगको भर्ना/छनौटका विधि तथा प्रक्रिया यसैतर्फ लक्षित हुन अति जरुरी छ।
सुशासन समग्र सिद्धान्त, व्यवहार र जनताले अनुभूति गर्ने विषय समेत भएकोले यसलाई नारामा मात्रै सीमित राख्नु हुन्न। त्यसैले आयोगले गर्ने भर्ना/छनौटको उद्देश्य हालका चुनौतीहरुको सामना गर्न सक्ने, सबै खाले परिवर्तनलाई कुशल व्यवस्थापन गर्न सक्ने खालका उत्कृष्ट मस्तिष्क भएको जनशक्ति प्रवेश गराउने पनि हुनु पर्दछ।

**आयोगका पदाधिकारीहरु,**

निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने र लोक सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, अन्य संघीय सरकारी सेवा तथा संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी तथा कर्मचारी व्यवस्थापनका विभिन्न विषयमा परामर्श लिनुपर्ने कार्य आयोगको हुने भन्ने पछिल्लो व्यवस्था महत्वपूर्ण पनि छन्।
लोक सेवा आयोगले विगतमा 'अप्टिकल मार्क रिडर (ओएमआर) विधिबाट उत्तरपुस्तिका परीक्षण शुरुवात गरी 'एसेसमेन्ट सेन्टर मेथोडोलजी (एसीएम)' हुँदै 'इन बास्केट एक्सरसाईज' विधिसम्म आइपुगेको छ। उसले अवलम्वन गरेको प्रमाणिक परीक्षण विधि र प्रविधिमार्फत् असल उम्मेदवारको सिफारिसमात्र गरेको छैन, विद्यमान संविधान, ऐन र कानुनको परिधिभित्र रही स्वीकृत आचारसंहिताको पूर्ण परिपालन पनि गर्दै आएको छ। आयोगले योग्यता (प्रिन्सिपल अफ मेरिट), निष्पक्षता (प्रिन्सिपल अफ इम्पार्सियालिटी), स्वच्छता

(प्रिन्सिपल अफ फेयरनेश), समान अवसर (प्रिन्सिपल अफ इक्वैल अपरच्युनिटी), समावेशिता (प्रिन्सिपल अफ इन्क्लुसिभनेस), द्विअन्ध (प्रिन्सिपल अफ डबल ब्लाइन्ड), परिचय शून्यता (प्रिन्सिपल अफ आइडन्टिटि मास्किड), असंलग्नता (प्रिन्सिपल अफ ननइन्भल्वमेन्ट) तथा गोपनीयता (प्रिन्सिपल अफ सेक्रेसी) को सिद्धान्तहरु अनुसार कार्यसम्पादन गर्नु सकारात्मक छ। यी सिद्धान्तहरुले आयोगप्रतिको विश्वास बढाएको छ।

मुलुकमा संघीयता कार्यान्वयन पछि लोक सेवा आयोग ऐन, २०७९ जारी भए पश्चात आयोगबाट लोक सेवा आयोग नियमावली, आयोगको कार्य सञ्चालन निर्देशिका तर्जुमा गरी त्यसलाई कार्यान्वयन गर्दै ६ महिनायता उसले दोस्रो रणनीतिक योजना (२०७९/८०-०८३/८४) कार्यान्वयमा ल्याएकोमा खुशी व्यक्त गर्दछु। साथै, आयोगले आर्थिक वर्ष २०७९/८० को हालसम्मको अवधिमा ७ सय ५८ महिला र २ हजार ४ सय ७० पुरुष गरी जम्मा ३ हजार २ सय २८ जना उम्मेदवार सिफारिस गरेकोमा धन्यवाद दिन चाहन्छु। यसैगरी, सुरक्षा निकाय तथा संगठित संस्थातर्फ विभिन्न १७ वटा निकायका विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी, तह र पदका ४ सय १३ वटा पाठ्यक्रम स्वीकृत र ९५ ओटा संगठित संस्थाका पदपूर्ति समितिमा प्रतिनिधित्व गर्ने कार्यहरु आयोगको अर्को महत्वपूर्ण तथा प्रशंसनीय कार्य हुन्।

**लोक सेवा आयोगका पदाधिकारीहरु,**

नेपालमा निजामती सेवामा समावेशी पदपूर्तिको व्यवस्था भएयता (आर्थिक वर्ष २०६४/६५ देखि २०७८/७९ सम्म) समावेशी समूहको विज्ञापनबाट महिला ७ हजार ७ सय ५९, आदिबासी जनजाति ६ हजार ७४, मधेशी ४ हजार ९ सय ३८, दलित २ हजार ५३, अपांगता भएकाहरु १ हजार ५४ र पिछडिएको क्षेत्रबाट ८ सय १४ गरी जम्मा २२ हजार ६ सय ९२ जना उम्मेदवार सिफारिस गर्न सफल हुनु आयोगको थप प्रशंसनीय कार्य हो। अब आयोगले संघीयता अनुरुप समावेशी समूहतर्फ उम्मेदवार छनौट प्रक्रियालाई समयसापेक्ष परिस्कृत गर्दै यी समूहबाट थप उम्मेदवार सफल हुन सक्नेगरी कार्यसम्पादन गर्ने विश्वास मैले लिएको छु। साथै, ठूलो संख्यामा विदेश पलायन भएका वौद्धिक जनशक्तिलाई आफ्नै मुलुकको सेवामा खटिन प्रेरित गर्न आयोगले समयानुकूल पाठ्यक्रम तथा परीक्षण विधिमा आवश्यक सुधार पनि गर्नु पर्दछ।

अन्त्यमा, आयोगले समयको माग अनुसार प्रविधिमैत्री बन्दै आफ्नो दायित्व र जिम्मेवारीलाई थप विश्वसनीय बनाउने विश्वास व्यक्त गर्दै आफ्नो क्षमता, कार्यदक्षता र योग्यताबाट यो वर्षको उत्कृष्ट कर्मचारी बन्न सफल भई कदरपत्र प्रास गर्नुहुने सबै कर्मचारीलाई हार्दिक बधाई तथा आयोगको ७३ औं वार्षिकोत्सवको अवसरमा सफलताको शुभकामना दिन चाहन्छु।

**धन्यवाद।**

**२०८० असार १ गते शुक्रबार**

<u>अनुसुची-४</u>

(लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले दिनुभएको मन्तव्य)

**सम्माननीय उपराष्ट्रपतिज्यू,**

संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू,

लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरू,

महान्यायाधिवक्ताज्यू,

नेपाल सरकारका मुख्यसचिवज्यू,

प्रधानसेनापतिज्यू,

आयोगका माननीय सदस्यज्यूहरू,

आयोगका पूर्व सदस्यज्यूहरू,

संघीय संसदका महासचिवज्यू,

सर्बोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू,

नेपाल सरकारका सचिवज्यूहरू,

सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,

आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,

सञ्चारकर्मी मित्रहरू,

आयोग र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरू,

भद्र महिला तथा सज्जन बृन्द।

लोक सेवा आयोगको यस ७३औं वार्षिकोत्सव समारोहमा हाम्रो विशेष अनुरोधलाइ स्वीकार गरी आफ्नो व्यस्त कार्यतालिकाका बावजूद प्रमुख आतिथ्य ग्रहण गरिदिनुभएकोमा आयोगको तर्फबाट सम्माननीय उपराष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। सम्माननीयज्यूको समुपस्थितिले हाम्रो वार्षिकोत्सव गरिमामय बनेको छ र हाम्रो हौसला बढेको छ।

आयोगको निष्पक्षताको वलियो आधार निर्माण गरिदिएर यस संस्थालाई जनविश्वासको धरोहरको रुपमा स्थापित गराउन महत्वपूर्ण योगदान दिने आयोगका पूर्वपदाधिकारीहरुको उपस्थितिले हामीलाई गौरवबोध गराएको छ।

कार्यक्रममा उपस्थित अन्य विशिष्ट व्यक्तित्वहरु लगायत आमन्त्रित अतिथि गणहरुको भव्य उपस्थिति आयोगको संवैधानिक भूमिका अझ प्रभावकारीरुपमा निर्वाह गर्न थप प्रेरणात्मक हुने ठानेको छु।

विक्रम संवत् २००८ साल असार १ गते गठन भएको नेपालको सवैभन्दा जेठो संवैधानिक अङ्ग लोक सेवा आयोगले योग्यता, निष्पक्षता र स्वच्छतालाई आफ्नो कार्यसम्पादनका आधारका रुपमा लिंदै समानता, स्वच्छ प्रतिस्पर्धा र समन्याय जस्ता लोकतान्त्रिक गुणहरुलाई आयोगले मूल मन्त्रको रुपमा अंगीकार गर्दै आएको छ।

**सम्माननीय उपराष्ट्रपतिज्यू**

लोक सेवा आयोगले आफ्नो ऐतिहासिक यात्राका क्रममा सात दशक पार गरिसकेको छ। स्थापनाको वर्ष आयोगले विक्रम सम्बत् २००८ साल भाद्र १८ गते पहिलो पटक ६ पदको लागि विज्ञापन गरेर आफ्नो कामको प्रारम्भ गरेको थियो। सार्वजनिक पदका लागि कर्मचारीको स्थायी नियुक्ति गर्न यस आयोगको परामर्श अनिवार्य लिनुपर्ने पद्दति स्थापित हुने सिलसिलामा आयोगले विभिन्न आरोह र अवरोहहरू पार गरेको छ।

यस क्रममा अग्रजहरूको अथक प्रयत्नबाट सार्वजनिक निकायका कर्मचारी भर्ना र छनौटमा योग्यता प्रणाली स्थापित गर्न लोक सेवा आयोग अग्रणी संस्थाको रूपमा स्थापित भएको छ; यसका लागि हाम्रा अग्रजहरूप्रति आभार प्रकट गर्दछौं।

यस गरिमामय संस्थाको विश्वसनीयताको जगलाई मजवुत राख्न हामी वर्तमान पदाधिकारीहरू कृत संकल्परत रहेका छौं।

नेपालको संविधानको धारा २४२ को उपधारा (१) अनुसार लोक सेवा आयोगमा अध्यक्ष र अन्य ४ जना सदस्यहरू रहने प्रावधान छ। त्यस्तै, संविधानको भाग २३ धारा २४३ मा गरिएको व्यवस्थाले आयोगलाई कार्यसम्पादनको संवैधानिक आधार प्रदान गरेको छ।

निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने र निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी लोक सेवा आयोगको हुने संवैधानिक व्यवस्था रहेको छ।

यसैगरी संघीय निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका कर्मचारी व्यवस्थापनका विभिन्न विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ।

संबैधानिक एवं कानूनी व्यवस्था अनुरूप निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन २०५३ बमोजिम राजपत्रांकित विशिष्ट श्रेणी (सचिव) पदको वढुवा समिति, शिक्षक सेवा आयोग पदाधिकारी सिफारिस समिति, राष्ट्रिय परीक्षा बोर्ड अध्यक्ष सिफारिश समिति र स्वास्थ्य बिमा बोर्डको कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिश गर्न गठित समितिको अध्यक्ष एवं चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्तिका लागि सिफारिश गर्न गठित समितिको संयोजक र न्याय सेवा आयोगको सदस्यमा आयोगका अध्यक्षबाट प्रतिनिधित्व गरी कार्य सम्पादन भइ रहेको छ। निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठित अन्य अधिकृतस्तरका बढुवा समितिको प्रतिनिधित्व आयोगका सदस्यहरूबाट भइरहेको छ। यसैगरी विभिन्न प्रतिष्ठान सेवा आयोग तथा विश्व विद्यालय सेवा आयोग लगायत विभिन्न विषयगत ऐन,नियमहरूद्वारा गठित पदपूर्ति तथा छनौट समितिमा तथा सैनिक ऐन, २०६३, प्रहरी नियमावली, २०७१, सशस्त्र प्रहरी बल ऐन, २०५८ बमोजिम गठित पदपूर्ति/छनौट समिति र राष्ट्रिय अनुसन्धान विभाग छनौट समितिमा पनि आयोगका सदस्यहरूबाट प्रतिनिधित्व भइरहेको छ।

**सम्माननीय उपराष्ट्रपतिज्यू,**

आयोगका वर्तमान पदाधिकारीको पदवहाली पश्चात २०७८ साल साउन १ गते देखि आयोगको कमलपोखरीस्थित यस नयाँ भवनमा कार्यालय स्थानान्तरण गरी नियमित कार्य सूचारू गरिएको छ।

आयोगमा विक्रम सम्बत् २०७७ साल चैत्र १० गते देखि विक्रम सम्बत् २०७८ साल असार ९ गतेसम्म तीन महिना पदाधिकारीको रिक्तता तथा कोभिड १९ महामारीको कारणले आयोगको वार्षिक कार्यतालिका अनुसार सम्पादन हुन नसकि करीव २ वर्षदेखि रोकिएका परीक्षा सम्बन्धी सम्पूर्ण कार्यहरू शीघ्र सम्पन्न गर्न बर्तमान आयोगले विक्रम सम्बत् २०७८ साल असार १० गते पदबहाली गरे पश्चात विभिन्न समयवद्ध कार्ययोजना अपनाई करीव एक वर्षको अवधिमा अधिकांश कार्यहरू सम्पन्न गरी सकिएको छ।

विभिन्न मुद्दा मामिलाका कारण रोकिएका केही विज्ञापनका पद बाहेक अन्यमा यस आर्थिक वर्षदेखि आयोगको वार्षिक कार्यतालिका अनुरुप नियमित कार्यसम्पादन गर्न सम्भव भएको छ।

संविधान जारी भएको लामो समय सम्म पनि तर्जुमा हुन नसकेको लोक सेवा आयोग ऐन, २०७९ मिति २०७९ असार ३१ गते जारी भएको २ महिना भित्रै लोक सेवा आयोग नियमावली, २०७९ तथा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसबाट संविधान बमोजिम आयोगका काम कारवाहीलाई अनुकूलन गर्न सकिएको छ।

निजामती सेवा, सुरक्षा निकाय तथा सङ्गठित संस्था सहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनौटको कार्यलाई थप वस्तुनिष्ठ, समसामयिक र विश्वसनीय बनाउन तथा आयोगको संस्थागत क्षमता सुदृढीकरण गर्न आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८० — २०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ। उक्त योजनाका आधारमा वार्षिक कार्यक्रमहरू तय गरी व्यवस्थित रूपमा लक्षहरू प्राप्त गर्ने वातावरण बनाईएको छ।

**सम्माननीय उपराष्ट्रपतिज्यू,**

आयोगले वि.सं. २०६९ सालदेखि OMR विधिबाट स्वचालित रूपमा वस्तुगत उत्तरपुस्तिका परीक्षणको सुरूआत, वि.सं. २०७१ सालबाट विद्युतीय विधिबाट दरखास्त लिन सुरूआत, वि.सं. २०७२ सालबाट अलगअलग विज्ञबाट उत्तरपुस्तिकाकको दोहोरो परीक्षण सुरूआत, वि.सं. २०७३ साल देखि सहसचिव पदका लागि मामिला विश्लेषण प्रस्तुतिकरण सहित Assessment Center Methodoloy (ACM) परीक्षण विधिको सुरूआत, वि.सं. २०७५ देखि उपसचिव पदका लागि In Basket Exercise को सुरूआत गर्दै परीक्षण विधि र प्रविधिमा आयोगले निरन्तर सुधार गर्दै आएको छ। समयसापेक्ष सुधारको क्रम निरन्तर जारी रहेको छ। पाठ्यक्रम र परीक्षण पद्दतिमा सुधारका लागि आयोगका माननीय सदस्यको अध्यक्षतामा परीक्षण प्रविधि सुधार सुझाव समिति गठन गरी अध्ययनको कार्य भैरहेको छ। समितिबाट प्राप्त सुझावका आधारमा पाठ्यक्रम र परीक्षण प्रणालीलाई समयसापेक्ष बनाइनेछ। सिफारिस भएको उम्मेदवारले कार्यक्षेत्रमा सकारात्मक नतिजा प्राप्त गर्नका लागि आवश्यक पर्ने क्षमता, सीप, व्यवहार, नैतिकता र सामूहिक व्यवहारको समग्र परीक्षण गर्नेगरी छनोट परीक्षा प्रणालीमा सुधार गर्ने तर्फ आयोग अगाडि बढेको छ। त्यसैगरी, हालसम्म अध्यावधिक

हुन नसकेका पुराना पाठ्यक्रमहरूलाई परिमार्जन तथा नयाँ निर्माण गरी आ.व. २०८०/८१ भित्र अध्यावधिक बनाईनेछ।

उत्तरपुस्तिका परीक्षण प्रणालीलाइ थप विश्वसनीय बनाउन सहसचिव/उपसचिव वा सो सरहका पदहरूका उत्तरपुस्तिकाको दुईजना विज्ञबाट अलग-अलग रूपमा दोहोरो परीक्षण गर्ने, शाखा अधिकृत वा सो सरह र सोभन्दा माथिका पदको उत्तरपुस्तिका तथा सङ्गठित संस्था तर्फका नवौं तह र सोभन्दा माथिका पदका परीक्षाका उत्तरपुस्तिका आयोगमा नै विज्ञद्वारा परीक्षण गराउने पद्दतिको विकास गरिएको छ।

आयोगको अनलाइन प्रणालीको टेक्नोलोजी तथा आर्किटेक्चर अपग्रेड गरी विकास गरिएको नयाँ अनलाइन प्रणाली कार्यान्वयनमा ल्याईएकोमा नेपाल सरकारको एकीकृत डाटा सेन्टरमा हालै आएको समस्या लगायतका कारणबाट क्षति पुग्न गई आयोगको अनलाइन दरखास्त प्रणाली केही अवधिका लागि अवरूद्ध हुन पुग्यो। उक्त समस्या समाधानका लागि आयोगले तत्काल क्रियाशीलता लिई पुनःविज्ञापन आव्हान मार्फत तथ्याङ्क व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको छ। यस प्रकारका समस्याहरू पुनरावृत्ति नहुने ढङ्गले, GIDC को हेटौंडास्थित व्याकअप सर्भर उपयोग गर्ने, आयोगमै आवश्यक पूर्वाधार थप गर्ने लगायत प्रविधिजन्य, संरचनागत तथा कार्यविधिगत सुधारका उपायहरू अवलम्बन गरिसकिएको छ।

सङ्गठित संस्थाहरूको पदपूर्ति सम्बन्धी कार्यलाइ थप गुणस्तरीय, छरितो र मितव्ययी वनाउनका लागि संस्थाको कार्यप्रकृति समेतका आधारमा एकीकृत परीक्षा प्रणाली अवलम्बन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्न र के कस्ता संगठित संस्थाहरूमा आयोगको कुन हदसम्मको संलग्नता हुनुपर्ने हो भन्ने समेतका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न आयोगका माननीय सदस्यको संयोजकत्वमा विज्ञ सहितको समिति गठन भै क्रियाशील रहेको छ।

विश्वविद्यालय सेवा आयोगको सदस्यका रूपमा आयोगको भूमिका व्यवस्थित गर्न विश्वविद्यालयको स्वायत्ततालाई सम्मान गर्दै परीक्षा प्रणालीमा आयोगको भूमिकालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिएको छ। यसबाट विश्वविद्यालयको जनशक्ति छनौटमा प्रतिस्पर्धा र योग्यता प्रणाली प्रवर्द्धन भै जनविश्वास अभिवृद्धि हुने विश्वास लिईएको छ।

**सम्माननीय उपराष्ट्रपतिज्यू,**

नेपालको संविधानले प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरे अनुसार प्रदेश कानून बमोजिम उक्त आयोगहरू क्रियाशिल रहेका छन्। प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ सङ्घीय संसदबाट जारी भैसकेको छ भने सोही सङ्घीय कानूनद्वारा निर्धारित सिद्धान्त र मापदण्ड बमोजिम सवै प्रदेश लोक सेवा आयोगहरूका कामकारवाही सुनिश्चित हुन आवश्यक छ। यसै सन्दर्भमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको छ। हालसम्म यस्ता ३ वटा राष्ट्रिय सम्मेलनहरू सम्पन्न गरी लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अवलम्बन गर्न गराउने तर्फ सकारात्मक भूमिका निर्वाह गरिएको छ।

**सम्माननीय उपराष्ट्रपतिज्यू,**

यस वर्षको वार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान कार्यक्रमका साथै अन्तरसंबैधानिक निकाय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरिएको छ। यस्ता कार्यक्रमहरूबाट कर्मचारीका वीचमा आपसी परिचय, भ्रातृत्व र सहकार्यको भावना वृद्धि भै लक्ष प्राप्तिमा समन्वयात्मक सहयोग हुनुको साथै आयोगको मूल उद्देश्य योग्यता, स्वच्छता र निष्पक्षताको प्रवर्द्धनमा समेत योगदान पुग्ने विश्वास लिइएको छ। प्रतियोगितामा विजयी महालेखा परीक्षक कार्यालयको समूह र अन्य सहभागी टोलीका साथै यस आयोगबाट यस वर्ष पुरस्कृत कर्मचारीलाइ म हार्दिक वधाई तथा आगामी दिनमा थप सफलताको शुभकामना व्यक्त गर्दछु। साथै प्रतियोगिता सञ्चालनमा सहयोग गर्नुहुने पूर्व सचिव श्री रामचन्द मान सिंह र विज्ञ श्री त्रिभूवन श्रेष्ठलाई पनि धन्यवाद दिन चाहन्छु। हाम्रा अग्रज पदाधिकारीलाई सम्मानित गर्ने क्रममा यस वर्ष हामीले आयोगका पूर्व सदस्य प्रा.डा. मधुनिधि तिवारीज्यूलाई सम्मान गर्ने निर्णय गरेका छौं। उहाँको आगामी जीवन सुस्वास्थ्य, सक्रियता र सफलताका साथ वितोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**सम्माननीय उपराष्ट्रपतिज्यू,**

विगतका सफलताप्रति गौरवबोध गर्दै, कमजोरीबाट सिक्ने एवम् वर्तमान र भाविष्यका आवश्यकताहरूको पहिचान गर्दै आगामी कार्ययोजना निर्माण गर्न सकिएमा मात्र वार्षिकोत्सवले सार्थकता पाउने हुँदा आयोगको वर्तमान पद्दतिलाइ मजवुत बनाउन निरन्तर क्रियाशिल रही आगामी दिनमा सुधारका कार्य थप अगाडी वढाउँदै लैजाने व्यहोरा जाहेर गर्दछु।

लोक सेवा आयोगको कार्यसम्पादनलाई सहज वनाउन सहयोग गर्ने नेपाल सरकारका निकायहरु, सार्वजनिक संस्थाहरु र सुरक्षा निकायहरु प्रति आयोग हार्दिक आभार प्रकट गर्दछ। आयोगको काममा आफ्नो विज्ञताद्वारा अतुलनीय योगदान दिने 'लोक सेवाका मित्र÷ सम्पूर्ण दक्ष-विज्ञहरुप्रति आभार व्यक्त गर्दछु। साथै, यो कार्यक्रम सफल बनाउन निरन्तर खट्ने आयोगका सचिव तथा कर्मचारीहरूलाई पनि म धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, सम्माननीय उपराष्ट्रपतिज्यूको गरिमामय उपस्थिति प्रति पुनः हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै अन्य सम्पूर्ण विशिष्ट व्यक्तित्वप्रति उपस्थितिको लागि पुनः एक पटक हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !**

## अनुसूची-५

### (लोक सेवा आयोगका माननीय सद्स्य वीरबहादुर राईज्यूले गर्नु भएको धन्यवाद ज्ञापन)

लोक सेवा आयोगको ७३ औ वार्षिकोत्सव कार्यक्रमका प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपतिज्यू
यस कार्यक्रमका सभापति एवं लोक सेवा आयोगका माननीय अध्यक्षज्यू
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु
महान्याधिवक्ताज्यू,
नेपाल सरकारका मुख्य सचिवज्यू
संवैधानिक निकायका माननीय सदस्य तथा पदाधिकारीज्यूहरु
अन्य आयोगका प्रमुखहरु
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू
नेपाल सरकारका सचिवज्युहरु, सुरक्षा निकायका प्रमुखज्यहरु
लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरु तथा पूर्व पदाधिकारीज्यूहरु
आमन्त्रित विशिष्ट अतिथिज्यूहरु, सञ्चारकर्मी मित्रहरु,
भद्र महिला तथा सज्जनवृन्द सबैमा हार्दिक अभिवादन

लोक सेवा आयोगद्वारा आयोजित ७३औ वार्षिकोत्सव समारोहमा आफ्नो कार्य व्यवस्तताका बावजुद पनि हाम्रो अनुरोधलाई स्वीकार गरी प्रमुख आतिथ्यता ग्रहण गरी यस कार्यक्रमको गरिमा बढाइ दिनुका साथै निर्देशन सहित सारगर्भित मन्तव्यका लागि सम्माननीय उपराष्ट्रपतिज्यूप्रति आयोगका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु।

प्रत्येक वर्ष आषाढ १ गते मनाइने लोक सेवा आयोगको यस विशेष समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भै कार्यक्रमलाई भव्यता प्रदान गरिदिनु भएकोमा संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु, महान्याधिवक्ताज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यूलाई धन्यवाद व्यक्त गर्न चाहन्छु। यसैगरी हाम्रो निमन्त्रणालाई स्वीकार गरी यहाँ उपस्थित संवैधानिक निकायका माननीय सदस्यज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, लोक सेवा आयोगका पूर्व अध्यक्ष एवं सदस्यज्यूहरु, आमन्त्रित विशिष्ट महानुभावहरु लगायत सञ्चारकर्मीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

आयोगले ७३औ वार्षिकोत्सवको अवसरमा अन्तर संवैधानिक आयोग हाजिरीजवाफ प्रतियोगिताको व्यवस्थापन र सञ्चालनमा प्रत्यक्ष संलग्न भई सहयोग गर्नुहुने पूर्व सचिव रामचन्द्रमान सिंह र त्रिभुवन श्रेष्ठज्यू प्रति आयोग आभार व्यक्त गर्दछ त्यसैगरी हाजिरीजवाफ र रक्तदान कार्यक्रममा सहभागी भई आयोगको वार्षिकोत्सवलाई सफल बनाई दिनुभएकोमा सहभागी सबैलाई समेत धन्यवाद व्यक्त गर्न चाहन्छु।

लोक सेवा आयोगको ७३ औ वार्षिकोत्सवको अवसरमा यस आयोगका पूर्व माननीय सदस्य डा मधुनिधि तिवारीप्रति हार्दिक बधाई व्यक्त गर्न चाहन्छु यसैगरी हाजिरीजवाफ प्रतियोगितामा सहभागी भई विजयी हुनु हुने सम्पूर्ण टीमलाई यस अवसरमा हार्दिक बधाई व्यक्त गर्न चाहन्छु।

७३औ वार्षिकोत्सव सफल बनाउन प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुनुहुने विभिन्न सरकारी निकाय, सुरक्षा व्यवस्थापनमा खटिनु हुने सुरक्षा निकाय, प्रसारप्रचारमा संलग्न सञ्चार सम्बन्धि निकाय लगायत आयोगका पदाधिकारी आयोगका सम्मूर्ण कर्मचारीलाई समेत धन्यवाद व्यक्त गर्न चाहन्छु।

अन्तमा सम्माननीय उपराष्ट्रपतिज्यूप्रति पुन एक पटक आभार व्यक्त गर्दै उपस्थित सम्पूर्ण आमन्त्रित विशिष्ट महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो मन्तव्य यही अन्तय गर्दछु।

**धन्यवाद**

## अनुसूची-६

### (लोक सेवा आयोगका सचिव श्री राजकुमार श्रेष्ठज्यूले गर्नुभएको स्वागत मन्तव्य)

लोक सेवा आयोगको ७३ औं वार्षिक उत्सव समारोहका प्रमुख अतिथि एवम् सम्माननीय उपराष्ट्रपतिज्यू,
लोक सेवा आयोगका माननीय अध्यक्षज्यू,
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू,
प्रमुख सूचना आयुक्तज्यू
नेपाल सरकारका मुख्य सचिवज्यू,
प्रधान सेनापतिज्यू,
संघीय संसदका महासचिवज्यू,
लोक सेवा आयोगका माननीय सदस्यज्यूहरु
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू,
नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरू,
सुरक्षा निकायका प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व अध्यक्ष एवम् पदाधिकारीज्यूहरू,
आयोग मातहतका कार्यालय प्रमुखज्यूहरु
एवम् हाम्रो आग्रह र निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पूर्ण अतिथिज्यूहरू,
आयोगका पूर्व कर्मचारीहरू,
सञ्चारकर्मी मित्रहरू,
शुभचिन्तक र सहकर्मी साथीहरू।

आज हामी लोक सेवा आयोगको ७३ औं वार्षिक उत्सव समारोहको कार्यक्रममा छौं। यस सुखद अवसरमा हामी माझ सम्माननीय उपराष्ट्रपतिज्यूको समुपस्थिति भैसकेको छ। सम्माननीय उपराष्ट्रपतिज्यूको प्रमुख आतिथ्यमा सम्पन्न हुन गइरहेको यस समारोहको कार्यक्रममा आयोगको निमन्त्रणालाई स्वीकार गरी बिभिन्न निकायहरुबाट विशिष्ट महानुभावहरुको समेत उपस्थिति भैसकेको छ। आयोगको ७३ औं वार्षिक उत्सवको यस अवसरमा सम्माननीय उपराष्ट्रपतिज्यू एवम् विशिष्ट महानुभावहरुको महत्वपूर्ण उपस्थितिले हामी आयोग परिवारलाई अत्यन्त हौसला मिलेको छ। म आयोग परिवारको तर्फबाट यस कार्यक्रममा सम्माननीय उपराष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता सहित स्वागत अभिवादन व्यक्त गर्दछु। यसैगरी बिभिन्न निकायहरुबाट पाल्नुहुने विशिष्ट अतिथिज्यूहरु, आयोगका पूर्व पदाधिकारी तथा कर्मचारीहरू, सञ्चारकर्मी, सहकर्मी लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु। आयोगको आफ्नै सभाहलमा सम्माननीय उपराष्ट्रपतिज्यू लगायत सम्पूर्ण अतिथि महानुभावहरुलाई स्वागत गर्ने अवसर प्राप्त भएकोमा हामीलाई खुशी एवम् सुखानुभूति भएको व्यहोरा सविनय निवेदन गर्दछु।

लोक सेवा आयोगले योग्यता, निष्पक्षता र स्वच्छतालाई आफ्नो कार्यसम्पादनको मूल मर्म एवम् आधारको रुपमा आत्मसात गरी आयोगलाई प्राप्त संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आईरहेको व्यहोरा यहाँहरुमा

अवगत नै रहेको छ। सात दशकभन्दा लामो अवधिदेखिको स्थापित मूल्य मान्यताका आधारमा व्यवस्थित एवम् विश्वसनीय कार्यप्रणाली, कार्यविधि एवम् कार्यपद्धतिबाट आयोगले अद्वितीय रुपमा जनविश्वास आर्जन गरेको छ। आयोगको कार्यसम्पादनमा परिपक्वता र उत्कृष्टता समेत हाँसिल भएको विद्यमान अवस्था छ। वर्तमान समयमा आयोगको स्थापित मूल्य मान्यतमा क्षयीकरण हुन नदिई अद्वितीय रुपमा आर्जित जनविश्वासलाई अक्षुण्ण राख्दै कार्यसम्पादनमा थप परिपक्वता र उत्कृष्टता हाँसिल गर्नु अति आवश्यक रहेको छ। अर्कोतर्फ आयोगको जिम्मेवारी तथा कार्यक्षेत्रमा भएको व्यापक विस्तार एवम् बढोत्तरीको समेत साविक बमोजिमको जनशक्ति र स्रोत साधनको परिचालन गरी कार्यसम्पादन गर्ने कार्य थप चनौतीपूर्ण रहेको छ। आयोगको साख र गरिमालाई यस अवस्थासम्म ल्याई पुर्याउन आयोगको स्थापना कालदेखि हालसम्म महत्वपूर्ण योगदान गर्नुहुने आयोगका अग्रज सम्पूर्ण पूर्व पदाधिकारी एवम् कर्मचारीहरुलाई यस अवसरमा म ससम्मान स्मरण गर्न चाहान्छु। साथै आयोगको साख, गरिमा एवम् जनविश्वासलाई आगामी दिनमा अझै उचो बनाउनेतर्फ हामी निरन्तर र भरमग्दुर प्रयासरत रहने प्रतिबद्धता समेत व्यक्त गर्दछौ।

यसै आर्थिक वर्षदेखि लोक सेवा आयोग ऐन, लोक सेवा आयोग नियमावली, लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका नयाँ तर्जुमा भई कार्यान्वयनमा आएको छ। यसैगरी आयोगले अवलम्वन गर्दै आएको योग्यता, निष्पक्षता र स्वच्छताको प्रबर्द्धन गर्ने, उमेदवार छनोट गर्न समसामयिक वैज्ञानिक परीक्षण विधिको अवलम्बन गर्ने, उजूरी सुनुवाईलाई अनुमानयोग्य बनाउने र आयोगको संस्थागत क्षमता सुदृढीकरण गर्ने उद्धेश्यले आयोगको दोस्रो पञ्चवर्षिय रणनीतिक यसै आर्थिक वर्षमा तर्जुमा गरी कार्यान्वयन गरिएको छ। उल्लिखित ऐन, नियमावली, निर्देशिका तथा रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनबाट आयोगको समग्र पक्षमा समय सापेक्ष सुधार हुने र आयोगको कार्यसम्पादनमा प्रभावकारिता आई कार्यसक्षमता र जनविश्वासमा अझै बढोत्तरी हुने अपेक्षा गरिएको छ।

आयोगमा उपलब्ध अत्यन्त न्यून स्रोत साधनका बावजुद पनि यस वार्षिक उत्सवको अवसरमा अन्तर संवैधानिक आयोग तथा निकायका बीच हाजिरीजवाफ प्रतियोगिता, रक्तदान कार्यक्रम, रेडियो नेपाल र नेपाल टेलिभिजनबाट आयोगका कामकारवाही सम्बन्धमा अन्तर्वार्ता तथा परिसम्वाद लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन। उल्लिखित कार्यक्रमहरु सम्पन्न गर्न विभिन्न निकाय तथा महानुभावहरुको महत्वपूर्ण सहयोग र सहभागिता रहेको छ। म कार्यक्रममा सहयोग गर्नुहुने तथा सहभागि हुनुहुने सबै निकाय तथा महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछु र आगामी दिनहरुमा समेत निरन्तर सहयोग र सहभागिताका लागि अनुरोध पनि गर्दछु।

अन्त्यमा, यस वार्षिक उत्सव समारोहको कार्यक्रममा प्रमुख अतिथिको रुपमा गरिमामय उपस्थितिका लागि सम्माननीय उपराष्ट्रपतिज्यूमा हार्दिक आभार तथा कृतज्ञता सहित पुन स्वागत अभिवादन गर्दछु। साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी आयोगको यस ७३ औ वार्षिक उत्सव समारोहको कार्यक्रममा पाल्नुहुने सम्पूर्ण अतिथि महानुभावहरुमा हार्दिक आभार सहित स्वागत अभिवादन गर्दछु र विदा हुन्छु। धन्यवाद। नमस्कार।

# अनुसूची - ७
## (प्रेस विज्ञप्ती)

लोक सेवा आयोगको ७३ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरूको आयोजना गरी सम्पन्न भएको छ। आयोग स्थापना भएको दिन वि.सं. २००८ साल असार १ गतेको सम्झनामा २०८० साल असार १ गते आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीमा वार्षिकोत्सव मूल समारोहको कार्यक्रम सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवज्यूको प्रमुख आतिथ्यता र आयोगका अध्यक्षको अध्यक्षतामा विभिन्न संवैधानिक निकायका प्रमुखहरू, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, आयोगका पूर्व अध्यक्ष एवम् सदस्यहरू, आयोगका पूर्व सचिवहरू, आयोगका कर्मचारीहरूको उपस्थितिमा सञ्चालन गरिएको थियो। कार्यक्रमको समुदघाटन सम्माननीय उपराष्ट्रपतिज्यूले पानसमा दिप प्रज्वलन गरी गर्नु भएको थियो। कार्यक्रममा सम्माननीय उपराष्ट्रपतिज्यूबाट निर्देशन तथा मार्गदर्शन मन्तव्य व्यक्त गर्ने क्रममा नेपालको सबैभन्दा पहिले स्थापना भएको संवैधानिक निकाय लोक सेवा आयोगले योग्यता प्रणाली प्रवर्द्धन गर्दै नेपाल सरकारको माग बमोजिम जनशक्ति आपूर्तिको व्यवस्था मिलाएको, स्वच्छ एवम् निष्पक्ष रूपमा काम गरी जनताको विश्वास जित्न सफल भएको, हाल सम्म पछाडि परेका क्षेत्र, वर्ग, लिङ्गका व्यक्ति, समूहको राज्यको मूल संयन्त्रमा प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीताको व्यवस्था अवलम्बन गरी ती वर्गका व्यक्तिहरूको सेवामा प्रतिनिधित्व गराएको उल्लेख गर्दै आगामी दिनमा थप प्रभावकारी रूपमा कार्य गर्न निर्देशन मन्तव्य व्यक्त गर्नु भएको थियो। आयोगका अध्यक्ष श्री माधवप्रसाद रेग्मीले आफ्ना मन्तव्यका क्रममा आयोगको संवैधानिक जिम्मेवारी बमोजिम आयोगले सम्पादन गरिरहेका कार्यहरू, लोक सेवा आयोग ऐन, २०७९ बमोजिम लोक सेवा आयोग नियमावली, २०७९, लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९, आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८०-२०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको, कानुनी व्यवस्था बमोजिम विभिन्न समितिमा आयोगको प्रतिनिधित्व रहेको, पाठ्यक्रम तथा परीक्षण प्रविधिमा सुधार हुँदै आएको, प्रदेश लोक सेवा आयोगहरूसँग समन्वयात्मक रूपले काम गर्ने क्रममा प्रत्येक वर्ष राष्ट्रिय सम्मेलन आयोजना गरी लोक सेवा आयोगका स्थापित मूल्य मान्यता, पद्धति र कार्य सम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अवलम्बन गराउने तर्फ सकारात्मक भूमिका निर्वाह गरेको बारेमा प्रकाश पार्नु भएको थियो। सम्माननीय उपराष्ट्रपतिज्यूको आगमनसँगै राष्ट्रिय गानबाट सुरू गरिएको कार्यक्रममा स्वागत मन्तव्य आयोगका सचिव श्री राजकुमार श्रेष्ठले राख्नु भएको थियो।

कार्यक्रममा आयोगको योग्यता प्रणाली प्रवर्धन गर्न सहयोग पुर्याउनु भएकोमा आयोगका पूर्व सदस्य प्रा.डा. मधुनिधी तिवारीलाई दोसल्ला ओढाई प्रमाणपत्रका साथ सम्मान गरिएको थियो। यसैगरी आयोगमा आ.व. २०७९/८० मा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने क्रममा आयोगको महेन्द्रनगर कार्यालयका शाखा अधिकृत श्री खगेन्द्रप्रसाद भट्ट, आयोगको केन्द्रीय कार्यालयका नायब सुब्बा श्री मनकुमारी श्रेष्ठ र कार्यालय सहयोगी श्री सानुबाबु च्यामेलाई दोसल्ला ओढाई प्रमाणपत्रका साथ सम्मान गरिएको थियो साथै आयोगको सूचना प्रविधिको क्षेत्रमा उल्लेख्य कार्य गरेका आयोगको केन्द्रीय कार्यालयका टा.ना.सु. श्री प्रेमकुमार सैजु, दरखास्त व्यवस्थापन केन्द्रका कम्प्युटर अपरेटर श्री हेमबहादुर खड्का र आयोगको धनकुटा कार्यालयका कम्प्युटर अपरेटर श्री ज्ञानेन्द्रप्रसाद धितालालाई दोसल्ला ओढाई प्रमाणपत्रका साथ सम्मान गरिएको थियो। सम्मानित हुने आयोगका पूर्व पदाधिकारी र कर्मचारीहरूलाई सम्माननीय उपराष्ट्रपतिज्यूबाट सम्मान गरिएको र प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रमको अन्त्यमा आयोगका माननीय सदस्य श्री वीरबहादुर राईले कार्यक्रममा उपस्थित हुनुभएकोमा प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपतिज्यू, आमन्त्रित विशिष्ट पदाधिकारीज्यूहरू लगायत वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न सहयोग पुर्याउने सबैलाई धन्यवाद मन्तव्य सहित कार्यक्रमको समापन गरिएको थियो।

आयोगको वार्षिकोत्सव मनाउने क्रममा अन्तरसंवैधानिक निकाय हाजिरजवाफ प्रतियोगिता, रक्तदान कार्यक्रम, रेडियोम अन्तर संवाद र परिसंवाद कार्यक्रम, नेपाल टेलिभिजनमा परिसंवाद कार्यक्रम, गोरखापत्रमा विशेषांक प्रकाशन, राष्ट्रि समाचार समितिसँग अन्तर्वार्ता लगायतका कार्यक्रम सञ्चालन गरिएको छ।

२०८० साल जेठ २९ र ३० गते लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीमा सञ्चालन गरिएको अन्त संवैधानिक निकाय हाजिरजवाफ प्रतियोगितामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोक सेव आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, समावेशी आयोग मधेसी आयोग गरी ८ वटा समूह सहभागी भएका थिए। २०८० साल जेठ २९ गते छनोट चरणको प्रतिस्पर्धाबाट ४ समू अन्तिम प्रतिस्पर्धाको लागि छनोट भई उक्त समूहहरूबीच २०८० साल जेठ ३० गते सञ्चालन गरिएको अन्तिम प्रतिस्पर्धाम महालेखापरीक्षकको कार्यालयको समूह प्रथम , लोक सेवा आयोगको समूह दोस्रो, राष्ट्रिय मानव अधिकार आयोगको समू तेस्रो भएको थियो भने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको समूह चौथो भएको थियो । प्रतिस्पर्धामा विजेत महालेखापरीक्षकको कार्यालयको समूहलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो भने प्रतिस्पर्धामा दोस्रो, तेस्रो चौथो स्थान प्राप्त गर्ने समूहलाई मेडल र प्रमाणपत्र वितरण गरिएको थियो। उक्त प्रतियोगितामा पुरस्कृत हुने समूहलाई ट्रफ मेडल र प्रमाणपत्र आयोगका अध्यक्ष एवम् सदस्यहरू र आयोगका सचिवबाट प्रदान गरिएको थियो। यस कार्यक्रम संवैधानिक निकायहरूबीचको आपसी सुसम्बन्ध प्रगाढ बनाउने, कर्मचारीहरूले अध्ययनमा निरन्तरता दिई ज्ञानको दाय बढ्ने विश्वास लिइएको छ। यसै गरी २०८० साल जेठ ३१ गते विश्व रक्तदान दिवसको अवसरमा आयोगको केन्द्री कार्यालय कमलपोखरीको प्राङ्गणमा आयोजना गरिएको रक्तदान कार्यक्रममा आयोगमा कार्यरत ३० जना कर्मचारीहरूबा रक्तदान गरिएको थियो। वि.सं. २०८० साल असार १ गते वार्षिकोत्सवका दिन प्रसारित नेपाल टेलिभिजनको परिसंवा कार्यक्रममा आयोगका अध्यक्ष श्री माधवप्रसाद रेग्मी, आयोगका पूर्व अध्यक्ष श्री उमेशप्रसाद मैनाली र कृषि तथा व विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्रा.डा. कल्याणी मिश्र त्रिपाठीले आयोगका काम कारबाही र आगामी कार्यदिशाक बारेमा सुसुचित गराउनु भएको थियो। साथै २०८० साल जेठ ३२ गते रेडियो नेपालमा आयोगका गतिविधिसँग केन्द्रित रह परिसंवाद कार्यक्रम प्रसारण गरिएको थियो। यस कार्यक्रममा आयोगका सदस्य श्री माधव बेल्बासे, आयोगका पूर्व सदस डा. गोविन्दप्रसाद कुसुम र नेपाल सरकारका पूर्व सचिव श्री शारदाप्रसाद त्रिताल वक्ता हुनुहुन्थ्यो। २०८० साल असार गते विहान रेडियो नेपालमा लोक सेवा आयोगसँग सम्बन्धित विषयमा आयोगका सदस्य श्री वीरबहादुर राई अन्तरसंवा कार्यक्रममा सहभागी हुनु भएको थियो। यसैगरी, २०८० साल असार १ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा लोक सेव आयोगको ७३ औं वार्षिकोत्सवको अवसरमा विशेषांक प्रकाशन भएको थियो।

तोयनारायण सुवेदी<br>
सहसचिव एवम् प्रवक्ता

२०८० साल असार १ गते, शुक्रबार<br>
अनामनगर, काठमाडौं

## लोक सेवा आयोगका मुख्य मनोविज्ञानवेता डा. खगेन्द्र प्रसाद सुवेदीले बार्षिकोत्सवको अवसरमा गोरखापत्रमा प्रकाशन गर्नु भएको लोक सेवा आयोग सम्बन्धी लेखः

वि.सं. २००७ साल भन्दा अघि निजामती सेवामा जागिरको पनि कुनै टुङ्गो हुँदैन थियो, राणाशासनमा प्रत्येक वर्ष कर्मचारीको बढुवा, सरुवा, थमौती वा पजनी मनखुसी गर्ने चलन रहेको थियो। वि.सं. २००४ सालमा नेपाल सरकारको वैधानिक कानुन निर्माण भयो। उक्त वैधानिक कानून अनुसार कर्मचारीहरु भर्ना हुन एउटा दरखास्त परिषद् खडा भयो, उक्त परिषद्ले योग्यता वा ल्याकत जाँचबुझ गरी सरकारलाई सिफारिस गर्ने व्यवस्था गरिएको पाइन्छ।

नेपालको अन्तरिम शासन विधान, २००७ को भाग ५, धारा ३७ अनुसार वि.सं. २००८ असार १ गते नेपाल पब्लिक सर्भिस कमिसनको स्थापना भयो र उक्त कमिसनले सरकारी जागिरमा भर्नाका लागि जाँच गर्नु मुख्य कर्तव्य तोकियो।

वि.सं. २०१३ साल भाद्रमा स्व. टंकप्रसाद आचार्यको प्रधानमन्त्रित्वकालमा निजामती सेवा ऐन र नियमावली लागू भयो जस अनुसार वार्षिक रु. ४००।- भन्दा बढी तलब भएका स्थायी निजामती पदहरुमा पब्लिक सर्मिस कमिसनको परामर्श विना नियुक्त गर्न नहुने व्यवस्था गरिएको पाइन्छ।

नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ७, धारा ५९(१) को व्यवस्था अनुसार लोक सेवा आयोग एक स्वतन्त्र संवैधानिक निकायको रुपमा स्थापित भयो र आयोगले निजामती सेवाका लागि कर्मचारीहरु छनौट गर्न प्रतियोगितात्मक लिखित परीक्षा, अन्तर्वार्ता गरी कर्मचारीहरु नेपाल सरकारलाई सिफारिश गर्न थाल्यो। आयोगका सदस्यहरुको पारिश्रमिक सर्वोच्च अदालतका न्यायधिश सरह हुने र खर्च संचित कोषबाट व्ययभार हुने व्यवस्था गरियो।

वि.सं. २०२३ सालमा संविधान संशोधन हुँदा लोक सेवा आयोगको कार्यक्षेत्रलाई अझ व्यापक बनाई त्यसमा निजामती सेवाका स्थायी, अस्थायी, विकासका विभिन्न पद तथा संस्थान, समितिका विभिन्न पदमा विज्ञापन गर्ने देखि सिफारिशसम्मका काम थपियो। एउटा सान्दर्भिक विषय जोडौं-बेलायतको निजामती सेवामा सुधार ल्याउन लर्ड फुल्टनको अध्यक्षतामा गठित समितिको प्रतिवेदन ब्रिटेनका प्रधानमन्त्रीले वि.सं. २०२५ साल असार १३ गते हाउस अफ कमन्समा पेश गरेको र उक्त प्रतिवेदनको एक सुझावमा निजामती सेवा प्रशासनको काम ट्रेजरी डिमार्टमेन्ट (अर्थ मन्त्रालय) अन्तर्गत रही आएकोमा निजामती सेवा विभाग खोली निजामती सेवा प्रशासन सम्बन्धी काम सुम्पनु पर्ने र सो विभाग प्रधानमन्त्री मातहत राख्नुपर्ने भन्ने उल्लेख गरेबाट नेपालले स्वतन्त्र संस्थाको हैसियतको रुपमा आयोग बेलायत भन्दा अगाडी पाएको देखिन्छ।

आयोगलाई समसामयिक रुपमा प्रभावकारी बनाउँदै लैजान वि.सं. २०३० पौष १ गते लोक सेवा आयोग सुदृढीकरण योजना लागू भयो। सुदृढीकरण योजनाले मुख्यत निम्न विषयलाई लक्षित गरेको पाइन्छः

लोक सेवा आयोगको संगठनलाई वैज्ञानिक आधारमा सुदृढीकरण गर्न, आयोगको गतिविधिहरुमा लक्ष्यमुलक गतिशिलता ल्याउन, आयोगको संगठनलाई अधिकृतमूलक बनाउन, आयोगको संगठन र कार्यविधिमा आमूल परिवर्तन गर्न, अर्को कार्यपालिकालाई क्रमशः अधिकार प्रत्यायोजन गरेर सानातिना दैनिक प्रकारको कामको कार्यबोझ हटाई कर्मचारी प्रशासनको सम्बन्धमा नीति निर्माण गर्न र उक्त नीति तथा सिद्धान्त अनुरुप कार्यपालिकालाई काम गर्न लगाउन र कार्यपालिकाले स्वयं निष्पक्ष र स्वतन्त्र रही कार्य सञ्चालन गर्न उपयुक्त वातावरण तयार गर्ने र आयोगले आफ्नो कार्यक्षेत्रमा कार्यपालिकालाई नेतृत्व दिन सक्ने तुल्याउने रहेको देखिन्छ।

सुदृढीकरण योजनाको सिफारिश बमोजिम ४ वटा विकास क्षेत्रमा (१ पछि थप भई ५ विकास क्षेत्र) प्रादेशिक कार्यालयहरु स्थापना गरी राजपत्र अनंकित स्तरका पदहरु पूर्ती गर्ने कार्य सुम्पिएको देखिन्छ निजामती बाहेकका संस्थान, समितिको परीक्षा लिने व्यवस्था आयोगले वि.सं. २०२३ सालबाट गरेता पनि विविध कारणले वि.सं. २०३२ बाट लिन छाडेको परीक्षा ४८ बर्ष पछि फेरि वर्तमान संविधानबाट अधिकार पाएको देखिन्छ। तथापि लिखित परीक्षाको चरण पश्चातका अन्य परीक्षा सम्बन्धित निकायबाटै लोक सेवा अयाेगको प्रतिनिधिको संलग्नतामा हुने गर्दछन्, जस्तैः अन्तर्वार्ता।

वि.सं. २००८ सालमा पब्लिक सर्भिस कमिसनको कार्यालय सिंहदरवारको दोस्रो चोकको उत्तरपट्टीको तेस्रो तलाको २ वटा कोठामा थियो। कमिसनको काम कारबाहीमा सरसल्लाह दिन सल्लाहाकारको रुपमा भारतको आइ.सि.एस.अफिसर गोविन्द नारायण सिंह (जो राजदरवारमा राजा त्रिभुवनको सचिव भएर पनि काम गरेका) भारत नफर्कुन्जेल रहे (भुवन मान सिंह)।

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १४ धारा १०१ ले अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरु रहने गरी लोक सेवा आयोगको व्यवस्था गरेको पाइन्छ। आयोगको काम, कर्तव्य र अधिकारमा निजामती सेवाको पदमा नियुक्तिका निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरु संचालन गर्ने र निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्शविना स्थायी नियुक्ति नगरिने व्यवस्था गरिएको थियो।

वि.सं. २०२१ सालमा विभिन्न विकसित तथा विकासोन्मुख मुलुकहरुको लोक सेवा आयोग जस्तै संस्थाहरुको परीक्षाशैली अवलोकन अध्ययन पश्चात लिखित परीक्षामा प्रथम पटक सुधार गरि वस्तुगत प्रणाली गरिनुका साथै आई. क्यू. परीक्षण, ग्रुप प्लानिङ्ग, ग्रुप डिस्कसन जस्ता  परीक्षा समावेश भएको पाइन्छ।

आयोगले वि.सं. २०२३ सालबाट निजामती सेवा पत्रिका चौमासिक रुपमा प्रकाशनको प्रारम्भ गरेको पाइन्छ। वि.सं. २०२७ सालमा लोक सेवा आयोग कार्यविधि नियम बन्यो र राजपत्रांकित पदको लिखित परीक्षामा ३ पटक असफल भएको उम्मेदवार सोही सेवा श्रेणीका लागि पूनः सम्मिलित हुन अयोग्य मानिनेछ भन्ने कुरा उल्लेख गरिएको थियो सोही व्यवस्था भारतमा पनि थियो।

पहिले पहिले लोक सेवा आयोगले जिल्ला जिल्लामा गएर विज्ञापन गर्ने, दरखास्त लिने, जाँच लिने, अन्तर्वार्ताको प्रबन्ध गर्ने आदि कार्य गर्न र अस्थायी कार्यस्थलको बन्दोवस्तमा ज्यादै कठिनाई भएकोले थप दरबन्दी माग गरी वि.सं २०२४ सालमा १२ वटा अञ्चलमा र वि.स. २०२५ सालमा कर्णाली अञ्चलमा आयोगका कार्यालयहरु स्थापना गरिएको तथ्याङ्क रहेको छ।

सुरुसुरुमा अञ्चलहरुमा परीक्षा हुँदा कतिपय स्थानमा चिट चोराउने र त्यहाँका उच्च प्रशासकहरुबाट पनि खासै सहयोग नपाएको कुरा तत्कालिन आयोगका सचिव भूवनमान सिंहले आफ्नो लेखमा प्रस्तुत गर्नुभएको छ। आफूले परीक्षाको इज्जत र मर्यादा राख्न कुनै पनि पदाधिकारी, प्रशासन र स्थानीय महशुर गिरोहरुलाई बेवास्ता गर्दा ज्यानको खतराको गुमनाम पत्रहरु प्राप्त भएकोमा आफ्नो कर्म नछोडेको विषय उल्लेख गरेबाट एउटा विश्वासिलो संस्थाको रुपमा स्थापित भएको पाइन्छ। ३१ वर्ष सम्म लोक सेवा आयोगमा कार्यरत रहेका भुवनमान सिंहले एउटा लेखमा आफ्नो अनुभव यसरी प्रस्तुत गर्नु भएको छ "दरबारका केही मुख्य अधिकृतहरुले पनि वेला वखत दवाव दिन खोज्दथे, आयोगकै केही सदस्यहरुले समेत आफूले भने जस्तो हेरफेर गर्न पाइएन भने श्री ५ को सरकारबाट नियुक्ति पाएका सचिवले श्री ५ बाट नियुक्ति पाएका संवैधानिक पद धारण गर्ने सदस्यलाई नियन्त्रण गर्न खोज्यो भनी आरोप लगाउँथे,आफन्त, नातेदार साथीभाईहरु रिसाएर मुन्टो फर्काइ हिँड्थे। तसर्थ मेरो अनुभवले यही देखाउँछ कि आयोगका अध्यक्ष, सदस्य, आहोदाका भए पनि वास्तवमा आयोगको गरिमा बढाउन अथवा खतम पार्नमो सचिवालयको ठूलो भूमिका हुन्छ।

अनजान वा जानाजानी आयोगकै अध्यक्ष वा सदस्यले तलमाथि पार्न खोजे भागिदार सचिव पनि हुनजान्छ , यस्तोमा सचिवले अडान लिन सक्नु पर्दछ। एक प्रसङ्गमा सिंह भन्दछन् ओहोदा ठूलो छ भन्दैमा निष्ठा र इमान्दारिता ( Integrity and Honesty) हुन्छ भन्ने हुँदैन। वि.सं. २०२७ सालको लोक सेवा आयोग कार्यविधि नियममा ४०% वा सो भन्दा बढी परीक्षामा अंक प्राप्त गरेका मध्ये बाट उम्मेदवारको संख्या निर्धारण गर्ने प्रचलन भएको व्यवस्था देखिन्छ।

सर्वप्रथम लिखित परीक्षा वि.सं २०१४, वस्तुगत, आइ.क्यू, सामूहिक छलफल वि.सं. २०२२, आधुनिक व्यवहारिक परीक्षणको प्रारम्भको क्रममा मामिला प्रस्तुतिकरण वि.सं. २०७४ र इन बास्केट अभ्यास वि.सं २०७५ सालबाट सुरु भएको र परीक्षा तथा अन्तर्वार्ताको काममा निष्पक्षता र गोपनीयता कायम राख्न मसिना कमजोरीका छिद्रहरु हटाउन क्रमिक रुपमा सुधार भएको छ।

वि.स. २०७२ को नेपालको संविधानमा भएको संवैधानिक व्यवस्था अनुसार निजामती सेवाको अलावा सुरक्षा नियकाहरु, संस्थान वोर्ड, समिति, केन्द्र आदि जस्ता जो नेपाल सरकारको ५० वा सो भन्दा बढी लगानी रहेको छ, ती सवैको लिखित परीक्षा सञ्चालनको जिम्मेवारी पाएबाट आयोगले १०० भन्दा बढी संस्थाहरुको लिखित परीक्षा सञ्चालन गर्दै आइरहेको छ। वर्तमान समयमा आयोगको कार्य क्षेत्र र जिम्मेवारीमा विस्तार भएको छ।

आयोगले परीक्षार्थीको पहिचान नहोस भनी उत्तरपुस्तिकामा दुई पटक भिन्न भिन्न अधिकृत टोलीबाट एक अर्को काममा असंलग्नता रही कोडिङ्ग गर्ने र उक्त कोडिङ्ग एउटा सचिवको र अर्को अध्यक्षको जिम्मामा रहने विषयगत उत्तरपुस्तिकाहरु सम्बन्धित विषय क्षेत्रका विज्ञ/दक्षबाट परीक्षण गराउने,समय समयमा पाठ्यक्रमका विषयमा पृष्ठपोषण लिने गरेको, वस्तुगत उत्तरपुस्तिका ३ जना फरक फरक व्यक्तिबाट चेक, रिचेक र अन्तिम चेक कार्यलय भित्रै र सुपरिवेक्षेकको सामुन्ने परीक्षण गराउने गरिएको, विशेषगरी उपल्लो श्रेणी/तहका पदमा विषयगत उत्तरपुस्तिकाहरु २ जना फरक फरक विज्ञबाट परीक्षण गरिने गरिएको, विज्ञबाट दिइने अंकको तालिका व्यक्तिको नाममा नभइ द्वितीय कोड नं. मा चढाउने व्यवस्था रहेको छ। दक्ष/विज्ञबाट परीक्षण गरिएका उत्तरपुस्तिकाहरुमा कर्मचारीबाट पूर्णाङ्क अनुसार अंक दिएको , कतै छुटेको वा नछुटेको रुजु गर्ने गरिन्छ। मापदण्ड सुहाउँदो मूल्याङ्कन गरेको नपाइएमा उक्त दक्ष/विज्ञको रोष्टरबाट नाम हटाउने चलन रहेको छ।

कच्चा प्रश्नपत्र कम्तिमा ५ जनालाई निर्माण गर्न दिइने गरेको र उक्त प्रश्नपत्रहरुलाई २ जना विज्ञको टोलीबाट मोडेरेशन गराई कम्तिमा ३ सेट तयार गराई सिलबन्दी गरी कोड नम्बर दिई प्रश्न बैंकमा राख्ने गरिएको र परीक्षा सञ्चालन पूर्व कोड नं. गोलाबाट छनौट गरी परीक्षाका लागि चयन गर्ने गरिएको र उक्त चयन भएको परिमार्जित सेट छपाई गर्ने गरिएको र छपाईमा बस्ने कर्मचारीहरु परीक्षा सञ्चालन भएको आधा घण्टा सम्म छपाईको निश्चित परिधिबाट बाहिर जान नपाउने व्यवस्था गरिएको छ। दक्ष/विज्ञ वा कर्मचारीका कोही आफन्त भए परीक्षाका कार्यबाट बाहिरिनु पर्ने व्यवस्था रहेको छ। अन्तर्वार्ता समितिमा समेत अन्तर्वार्ताकर्ताहरु एक आपसमा उम्मेदवारको विषयमा मूल्याङ्कन पूर्व र पश्चात कुरा गर्न पाइँदैन र प्रत्येक मूल्याङ्कनकर्ता तोकिएको सिमामा रहेर अंक प्रदान गरी कसैको दबाबवाट मुक्त रहन्छन्।

नेपालमा प्राविधिक जनशक्ति नहुँदा प्रारम्भमा विदेशका जनशक्तिलाई पनि नियुक्त गरिएको, केही मात्र उपलब्धता हुँदा अन्तर्वार्ताबाट मात्र पनि छनौट गरिएको क्रमश वस्तुगत परीक्षा प्रणालीबाट मात्र छनौट गरिएकोमा वर्तमान समयमा बजारमा पर्याप्त जनशक्ति पाउन थालेपछि विषयगत, वस्तुगत, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल, अन्तर्वार्ता जस्ता परीक्षाका मोडेलहरु आयोगले अपनाएको छ। समय समयमा अन्तर्राष्ट्रियस्तरमा प्रचलनमा रहेका परीक्षाका मोडेलहरु अपनाउँदै मेरिटको आधारमा समय सापेक्ष सुधार

गर्दै निष्पक्षता कायम गरी अब्बल उम्मेदवार छनौट गर्दै आइरहेको छ। बर्तमान आयोगले परिक्षण प्रविधि सुधार सुझाब समिति बनाइ परिक्षण विधिमा आबस्यक सुधार गर्न प्रयत्नशील छ भने अन्तरास्ट्रिय बिज्ञताको उपयोग गरि आधुनिक बैज्ञानिक विधिको लागी समन्ययका लागि कार्य गरिरहेको छ भने दोस्रो रणनीतिक योजना स्वीकृत गरि समग्र पक्षको सुधारका लागि कार्य प्रारम्भ गरिसकेको स्थितिमा रहेको छ्रकतिपय प्रणालीमा ब्यबस्थित गराउदै छ जस्तो सामुहिक छलफलमा मापन गर्ने क्षेत्रको चुस्तता, मामिला परिक्षणमा रहेको भारमा  मिलान लगायतका काम भैरहेको र अन्य विधिमा समेत अध्ययन गर्दै रहेको छ, तथापि कुनै पनि पद्धति परीक्षण विधिहरु सम्पूर्ण ढंगले पूर्ण हुँदैनन्। अन्तर्राष्ट्रियस्तरमा प्रतिष्पर्धा गर्न सक्ने, प्रभाव पुऱ्याउन सक्ने, राज्यका आवश्यकता र सेवा प्रवाहमा हुटहुटी भएका अभिप्रेरित निष्ठावान, इमान्दार, सेवाभाव भएका नेतृत्व दिन सक्ने सेवाग्राहीको गुनासो सम्बोधन गर्न सक्ने मनोदशा र व्यवहार भएका कर्मचारी छनौट गर्ने परीक्षण विधिहरु अपरिहार्य छ। निष्पक्षता स्थापनाकालको आवश्यकता थियो भने कार्यान्मुख (Action Oriented) र कार्य तत्परता भएको व्यक्ति छनौट गर्नु आजको आवश्यकता हो। विश्वविद्यालयमा पढाई भइसकेको विषय फेरी छनौटका लागि परीक्षण गर्ने वा ऊ भित्र भएको गुण, क्षमता, सीप र व्यवहारको अन्तरनिहित क्षमता परीक्षण गर्नेतर्फको अंकभार बढाउने यो विषयतर्फ आयोगले सोचेर वैज्ञानिक विधिहरु अवलम्बन गर्दै जाने दिशामा गइरहेको छ।